गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ बमोजिम यस हिलिहाङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को बजेट अधिवेशन आज मिति २०७८ असार १० गते विहिबारका दिन सभाका अध्यक्ष श्री भुवानी प्रसाद लिङ्देनज्यूको अध्यक्षता र सम्पूर्ण सभा सदस्यज्यूहरुको उपस्थितिमा नवौ गाउँसभाको विधिवत सुरुवात भई सभामा पेश हुन आएका प्रस्तावहरु उपर छलफल पश्चात देहायनुसारका निर्णयहरु यस सम्मानित सभाद्वारा सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

**उपस्थिति :**

| क्र स | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री भुवानी प्रसाद लिङदेन | सभा अध्यक्ष | |
| २ | श्री सुमित्रा उप्रेती सेढाई | उपाध्यक्ष | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत श्री बिक्रम लिम्बु | सभा - सचिव | |
| ४ | श्री गोपीकृष्ण भण्डारी | सभा सदस्य | |
| ५ | श्री भिम प्रसाद हेम्ब्या | सभा सदस्य | |
| ६ | श्री मदन गौतम | सभा सदस्य | |
| ७ | श्री श्रीप्रसाद शिगु | सभा सदस्य | |
| ८ | श्री लक्ष्मी प्रसाद सुहाङ | सभा सदस्य | |
| ९ | श्री कृष्ण बहादुर यवा | सभा सदस्य | |
| १० | श्री तिल बिक्रम ईधिङगो | सभा सदस्य | |
| ११ | श्री रमा वाग्ले | सभा सदस्य | |
| १२ | श्री पवित्रा खाती | सभा सदस्य | |
| १३ | श्री खड्ग बहादुर राई | सभा सदस्य | |
| १४ | श्री पुण्यप्रसाद राई | सभा सदस्य | |
| १५ | श्री कामुदा गुरुङ | सभा सदस्य | |
| १६ | श्री पदमा नेपाली | सभा सदस्य | |
| १७ | श्री धन बहादुर खत्री | सभा सदस्य | |
| १८ | श्री मुक्त बहादुर माझी | सभा सदस्य | |
| १९ | श्री सितादेवी कार्की | सभा सदस्य | |
| २० | श्री देविमाया खाती | सभा सदस्य | |
| २१ | श्री धन बहादुर पालुङवा | सभा सदस्य | |
| २२ | श्री नारायण प्रसाद खाती | सभा सदस्य | |
| २३ | श्री मेनुकादेवी बजगाई | सभा सदस्य | |
| २४ | श्री गंगा सुनुवार | सभा सदस्य | |
| २५ | श्री देवदत्त योङहाङ | सभा सदस्य | |
| २६ | श्री श्याम बहादुर लिम्बु | सभा सदस्य | |
| क्र स | नाम, थर | पद | दस्तखत |
| २७ | श्री डिल्ली कुमारी भट्टराई | सभा सदस्य | |
| २८ | श्री विष्णुकला उभरकोटी | सभा सदस्य | |
| २९ | श्री महेन्द्र सुहाङ | सभा सदस्य | |
| ३० | श्री राजकुमार पन्थाक लिम्बु | सभा सदस्य | |
| ३१ | श्री सुष्मा लावती | सभा सदस्य | |
| ३२ | श्री खगमाया सुनुवार | सभा सदस्य | |
| ३३ | श्री हरिप्रसाद सिटौला | सभा सदस्य | |
| ३४ | श्री माया कन्दङवा | सभा सदस्य | |
| ३५ | श्री गंगा माया वि. क. | सभा सदस्य | |
| ३६ | श्री पदम नारायण पन्थाक | सभा सदस्य | |
| ३७ | श्री सुनमान तामाङ | सभा सदस्य | |
| ३८ | श्री दुर्गामाया परियार | सभा सदस्य | |
| ३९ | श्री टिकाराम धमला | सभा सदस्य | |

## निर्णय नं. १

गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन २०७५ को दफा ३२ (१) बमोजिम हिलिहाङ गाउँ कार्यपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री सुमित्रा उप्रेती सेढाई ज्यू द्वारा सभाध्यक्षको अनुमतिले नवौं गाउँसभामा प्रस्तुत गरिएको तथा गाउँ कार्यपालिकाले स्विकृत गरेको आ.व. २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम माथी छलफल गरी सर्वसम्मत ढङ्गले पारित गर्ने निर्णय गरियो।

सभाध्यक्ष महोदय,

तथा सम्पूर्ण मान्य सभा सदस्यहरु !

यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले कोभिड - १९ को दोस्रो लहरबाट सिर्जित विषम परिस्थितिका बीच यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७८/७९ को नीति, कार्यक्रम तथा बजेट विवरण प्रस्तुत गर्न उपस्थित भएको छु।

१. यस अवसरमा म राष्ट्रिय स्वाधीनताको रक्षा, लोकतन्त्र प्राप्ति, अग्रगामी परिवर्तन तथा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि भएका जनआन्दोलन, जनयुद्व, आदिवासी जनजाति तथा मधेश आन्दोलन लगायतका विभिन्न आन्दोलनहरुमा आफनो अमूल्य जीवनको बलिदान गर्नुहुने सम्पूर्ण शहिदहरुमा भावपूर्ण श्रद्वासुमन व्यक्त गर्न चाहन्छु।

२. विश्वव्यापी रुपमा फैलिएको कोभिड - १९ को महामारीबाट जीवन गुमाउनुहुने यस गाउँपालिकाका ४ नं. वडा अध्यक्ष तथा सभा सदस्य श्री श्रीप्रसाद शिगु तथा पत्रकार एकराज भण्डारी, प्राध्यापक राजेन्द्र सुवेदी, शिक्षक राजेन्द्र शिगु, व्यवसायी अमर लिङदेन, पूर्व जनप्रतिनिधि कृष्ण बहादुर योङहाङ प्रति भावपूर्ण श्रद्वाञ्जलि व्यक्त गर्दछु। यस्तै कोरोनाबाट संक्रमित भई बिभिन्न स्वास्थ्य संस्था र होम आइसोलेशनमा उपचाररत सबैलाई शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। साथै कोरोना महामारीका विरुद्ध अग्रपंक्तिमा रहेर खटिरहनुभएका सबै स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि र सम्पूर्ण नागरिकहरुप्रति हार्दिक धन्यवाद र कृतज्ञता ज्ञापन गर्दछु।

३. नेपालको संविधान २०७२ अनुरुप बि. स. २०७४ सालमा सम्पन्न स्थानीय तहको पहिलो ऐतिहासिक निर्वाचनबाट स्थानीय जनताहरुको जनमत प्राप्त यस स्थानीय तहले पाँचौ वर्षको यस अवधिसम्म आइपुग्दा यस भेगका स्थानीय हिलिहाङवासी दाजुभाई तथा दिदिबहिनिहरुको परिवर्तनको चाहना एवम विकास र समृद्विको सपनालाई केही हदसम्म सार्थक बनाउने प्रयास जारी रहयो र रहनेछ। साथै सामाजिक न्याय सहितको बहुआयमिक एवम तीव्र विकासद्वारा समृद्व नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न हिलिहाङ गाउँपालिकाले अख्तियार गरेको आवधिक नीति "कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्वि" निर्माणको आधारशिला तयार भएको छ।

४. नेपालको संविधान २०७२ मा निर्दिष्ट स्थानीय तहका एकल अधिकार तथा साझा अधिकारका सूचीहरुमा तोकिएका जिम्मेवारीहरु कार्यान्वयन गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित क्षेत्राधिकार अनुरुपका भूमिकाहरु निर्वाह गर्न स्थानीय तहलाई कानुन बमोजिम प्राप्त हुने अन्तर सरकारी वित्तिय हस्तान्तरण तथा कानुनी प्रावधान अनुरुप स्थानीय तहको सम्भाव्य स्रोतहरुको संकलन, उपलब्ध स्रोतको दक्षतापूर्ण बाँडफाँड तथा अधिकतम प्रतिफल दिने खालको उपयोग चुनौतिपूर्ण रहेको छ। यस्तो चुनौतिको सामना गर्न विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तिय अनुशासनको त्रिकोणात्मक संयोजन कायम हुने गरी आर्थिक तथा सामाजिक पूर्वाधार विकासका क्षेत्रमा स्रोत र साधनलाई केन्द्रित गर्नुपर्ने आवश्यकता देखेको छु।

५. आगामी वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, पन्ध्रौ आवधिक योजना, समृद्व नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा, कृषि उर्जा पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्वि भन्ने गाउँपालिकाको दीर्घकालीन सोच सहितको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य र चुनावी घोषणापत्रलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु। सबै प्रकारका सामाजिक, आर्थिक विभेदको अन्त्य गर्दै यस गाँउपालिकाको विकास, समृद्वि र सामाजिक न्यायलाई थप गतिशील बनाउने र समाजवादको आधार निर्माण गर्ने उधेश्यबाट निर्देशित भएको छु। गाउँसभाको यसै बजेट अधिवेशनमा पेश हुने विनियोजन विधेयकका सिद्वान्त र प्राथमिकता उपर हुने छलफलमा मान्य सदस्यहरुबाट प्राप्त सुझाव, बुद्विजीवी, पेशाविद र आमनागरिकबाट प्राप्त सल्लाहहरुलाई समेत यथोचित महत्व दिनेछु।

उपस्थित महानुभावहरु,

अब म यस हिलिहाङ गाउँपालिकाको चालु आर्थिक वर्ष २०७७/७८ को स्विकृत बजेट नीति तथा कार्यक्रम कार्यान्वयनको समग्र वर्तमान अवस्थाका बारेमा संक्षिप्त रुपमा प्रस्तुत गर्दछु।

### ६. चालू आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा

चालु आर्थिक वर्ष २०७७/७८ को कुल बजेट रु ४९ करोड ८९ लाख ५८ हजार मध्ये पूँजीगत तर्फ रु १५ करोड ३४ लाख ७७ हजार ५ सय ६५ बजेट विनियोजन भएकोमा हालसम्म रु ५ करोड ३३ लाख ४० हजार ४ सय १०अर्थात ३५% कार्यान्वयन भएको देखिन्छ भने चालू तर्फ सशर्त अनुदान सहित रु ३४ करोड ५५ लाख बजेट विनियोजन भएकोमा रु २० करोड ५९ लाख ३ हजार अर्थात ७०% भुक्तानी भई सकेको देखिन्छ। यसरी चालु आर्थिक वर्षको असार पहिलो हप्तासम्म कुल विनियोजनको चालू र पूँजीगत दुवैलाई मिलाएर समग्रमा हेर्दा कुल बजेटको करिव ५२% प्रतिशत बजेट कार्यान्वयन भएको देखिन्छ। यधपी गाउँपालिकाको अधिकांश योजनाहरु सम्पन्न भईसकेका छन कोरोना महामारी र बाध्यात्मक लामो समयावधिको निषेधाज्ञाका कारण ति सम्पन्न योजनाहरुको अनुगमन तथा भुक्तानी हुन नसकेकाले पूँजीगत खर्च प्रगतिको वास्तविक प्रतिशत चाँडै नै देखिने जानकारी पनि गराउन चाहन्छु।

#### (क) आर्थिक क्षेत्र

चालू आर्थिक वर्षमा आर्थिक विकास तर्फका उपक्षेत्रहरु जस्तै कृषि, पशु, लघु घरेलु उधम, पर्यटन, सहकारी जस्ता उत्पादनमूलक क्षेत्रहरुमा रु ५ करोड १२ लाख ११ हजार ६ सय २० बजेट विनियोजन भएकोमा हालसम्म उक्त विषयक्षेत्रगत बजेटको ३०.३९ प्रतिशत अर्थात रु १ करोड ५५ लाख ६८ हजार १ सय २० रुपैया खर्च भएको छ।

#### (ख) सामाजिक क्षेत्र

आ व २०७७/७८ को स्विकृत बार्षिक बजेट कार्यक्रममा समावेश शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, युवा खेलकुद तथा मनोरञ्जन र संस्कृति प्रवर्द्धन जस्ता सामाजिक विकास क्षेत्र तर्फ चालू र पुँजिगत दुवै गरी रु २३ करोड ५२ लाख १ हजार १ सय ९६ रुपैया विनियोजन भएकोमा हालसम्म उक्त बजेटको ५९ % प्रतिशत अर्थात रु १३ करोड ७७ लाख ६५ हजार ९ सय ७३ खर्च भएको छ।

**(ग) पूर्वाधार क्षेत्र**

आ व २०७७/७८ को स्विकृत बार्षिक बजेट कार्यक्रममा उच्च प्राथमिकताका साथ समाविष्ट स्थानीय सडक पूर्वाधार, भवन तथा शहरी विकास, सिँचाई लगायत अन्य भौतिक पूर्वाधारजन्य क्षेत्रहरुमा रु १२ करोड ४१ लाख ९ हजार २ सय ९४ विनियोजन भएकोमा वर्तमान अवस्थाको खर्च प्रगति रु ४ करोड ८६ लाख ८९ हजार २ सय ९६ अर्थात जम्मा ४०% प्रतिशत प्रगति देखिएको छ।

**(घ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

आर्थिक वर्ष २०७७/७८ सालको स्विकृत बार्षिक विकास बजेटमा समाविष्ट सुरक्षा व्यवस्थापन, सेवा प्रवाह, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङक संकलन अभिलेख व्यवस्थापन, अनुषन्धान तथा विकास, सुशासन प्रवर्द्धन र संस्थागत विकासमा टेवा पुग्ने खालका विषयक्षेत्रहरुमा रु २ करोड ६ लाख ४५ हजार बजेट विनियोजन भएकोमा हालसम्म रु ७६ लाख १९ हजार ७ सय अर्थात करिब ३६.९% प्रतिशत कार्यान्वयन प्रगति देखिएको छ

**(ङ) कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र**

चालू आ व २०७८/७९ मा यस कार्यालय तथा मातहतका कार्यालयहरु सञ्चालन तथा प्रशासनिक क्षेत्रमा अत्यावश्यक खर्चका लागि बजेट रु ६ करोड ७८ लाख ११ हजार विनियोजन भएकोमा हालसम्म रु ४ करोड ९६ लाख १ हजार ६८ अर्थात लगभग ७४% खर्च प्रगति देखिन आउँछ।

**उपस्थित महानुभावहरु,**

अव म आगामी आर्थिक वर्ष २०७८/७९ को बजेटका उधेष्य तथा प्राथमिकता प्रस्तुत गर्दछु। बजेटका उधेष्यहरु निम्नानुसार रहेका छन् :

(क) कोभिड -१९ को महामारीबाट प्रभावित स्थानीय बासिन्दाहरुको जीवन रक्षा गर्ने,

(ख) विकास निर्माणका कार्यक्रमलाई तिब्रता दिदैं अत्यावश्यक स्थानीय सडकहरुको स्तरोन्नति, पर्यटन पूर्वाधार विकास र संस्थागत भवनहरुको निर्माण गर्ने,

(ग) आर्थिक तथा सामाजिक पूर्वाधारहरुको विकास गरी स्थानीय तहको समृद्धिको आधार तयार गर्ने

**प्रस्तुत बजेटका उद्वेष्यहरु हासिल गर्न देहाय बमोजिमका प्राथमिकताहरु निर्धारण गरेको छु।**

(क) कोभिड -१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि परिक्षणको दायरा विस्तार, आवश्यक चिकित्सक एवम स्वास्थ्यकर्मीहरुको प्रवन्ध तथा प्रभावकारी परिचालन, आइसोलेशन वार्ड तथा क्वारेन्टिन व्यवस्थापनका लागि आवश्यक स्वास्थ्य यन्त्र, उपकरण तथा सामाग्रीको आपूर्ति, निशुल्क औषधी वितरण।

(ख) कृषि उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्न युवा स्वरोजगार तथा परिचालन।

(ग) गाउँपालिकाको केन्द्र र ऐतिहासिक महत्व बोकेको हिलिहाङ दरबारक्षेत्रलाई राष्ट्रिय तथा प्रादेशिक सडक सञ्जालमा कालोपत्रे मार्फत जोडने कार्यको शुभारम्भ तथा अधुरा स्थानीय सडक आयोजनाहरुको स्तरोन्नति तथा निर्माण कार्य सम्पन्न गर्ने।

(घ) गाउँ कार्यपालिकाको मुख्य प्रशासनिक भवन तथा वडा कार्यालयहरुको प्रशासनिक भवन निर्माण कार्यमा जोड दिई चुस्त दुरुस्त र व्यवस्थित सेवा प्रवाहमा प्रभावकारिता ल्याउने।

(ङ) शैक्षिक पूर्वाधार संरचना निर्माणमा जोड दिँदै स्थानीय तहको जिम्मेवारीमा रहेको आधारभूत शिक्षाको सुनिश्चितता प्रदान गर्ने।

(च) ऐतिहासिक, धार्मिक, साँष्कृतिक तथा प्राकृतिक रुपले पर्यटकीय सम्भावना रहेको सम्पदाहरुको प्रवर्द्धन तथा विकासमा जोड दिदै आगामी दिनहरुमा रोजगारी तथा स्वरोजगारीका अवसरहरुको सिर्जना।

अव म आगामी आर्थिक वर्षको हिलिहाङ गाउँपालिकाको बजेटमा रहेका महत्वपूर्ण नीति तथा कार्यक्रमहरु क्रमश प्रस्तुत गर्न चाहन्छु।

**कोभिड -१९ संक्रमण पहिचान, रोकथाम, उपचार र राहत**

७. कोभिड-१९ रोगको पहिचान, नियन्त्रण, रोकथाम उपचार र भविष्यमा आउन सक्ने यस्तै प्रकारका महामारी विरुद्ध लडन तथा गाउँपालिकाको स्वास्थ्य प्रणाली र संरचनालाई सुदृढ एवम सक्षम बनाउन प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु। कोभिड -१९ महामारीको रोकथाम, उपचार र नियन्त्रणका लागि गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा रु ८५ लाख विनियोजन गरेको छु।

८. कोभिड -१९ महामारीका कारण सृजना हुनसक्ने निषेधाज्ञा/लकडाउन र संङ्क्रमित वस्ति टोलहरुमा हुनसक्ने आधारभूत खाधान्न अभावका बेलामा स्थानीय जनताहरुलाई आवश्यक पर्ने राहत सामाग्रीहरुको न्यायोचित वितरण गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

**स्वास्थ्य सेवाको विस्तार**

९. नेपाल सरकारको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा समाविष्ट गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा नागरिकहरुको पहुँच सुनिश्चित गर्न यस वर्ष नेपाल सरकारले जम्मा ३९७ वटा स्थानीय तहहरुमा ५, १० र १५ शैय्याका आधारभूत अस्पताल भवन निर्माणका लागि कार्यक्रम अघि सारेकोमा यस पालिकाको तत्परता र निरन्तर समन्वयका कारण चालु वर्ष रु ६० लाख र आगामी आ व मा पनि प्राथमिक स्वास्थ्य केन्द्र गोपेटारलाई सुविधासम्पन्न आधारभूत अस्पताल भवनको रुपमा स्तरोन्नति गर्न नेपाल सरकारबाट रु १ करोड बजेट सुनिश्चित भई सकेको समेत जानकारी गराउन चाहन्छु।

१०. गाउँपालिकाको एकमात्र प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा रहेको गोपेटार प्राथमिक स्वास्थ्य केन्द्रमा हाल सञ्चालनमा रहेको १० बेड क्षमताको कोभिड आइसोलेशन वार्ड र जोरपोखरी विधुत सहकारी भवनमा रहेको क्वारेन्टिन क्षेत्रहरुलाई भोलिका दिनमा अझ बढी सुविधासम्पन्न बनाउन सक्ने गरी एकमुष्ट प्रकोप व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गरिएको छ।

११. चालु आ व देखि हिलिहाङ गाउँपालिकाको जोरपोखरीमा सञ्चालनमा ल्याईएको नागरिक आरोग्य सेवा केन्द्रको थप प्रभावकारी व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु। कोरोना महामारीको यस विषम परिस्थितिमा हिलिहाङवासी दाजुभाई तथा दिदिबहिनिहरु आरोग्य सेवा केन्द्रबाट प्रत्यक्षरुपमा लाभान्वित हुनुहुनेछ भन्ने विश्वास लिएको छु।

१२. कोरोना महामारीको यस विषम परिस्थितिमा अग्रपङ्तिमा खटिने स्वास्थ्यकर्मीहरुको मनोवल उच्च राखी गुणस्तरीय स्वास्थ्य सेवामा अझ बढी प्रभावकारिता ल्याउने हेतुले यस गाउँपालिका अन्तर्गतका सामुदायिक स्वास्थ्य ईकाइहरुमा करारसेवामा कार्यरत साविकका स्वास्थ्यकर्मिहरुले खाइपाइ आएको मासिक तलव रु १८००० लाई बढाएर मासिक रु २५००० पुर्याउन आवश्यक व्यवस्था मिलाएको छु।

१३. नेपाल सरकारले निर्धारण गरे अनुसारको निशुल्क औषधी वितरणका लागि र कोरोना महामारीका बेला दिर्घरोगीहरुलाई अति आवश्यक औषधीहरुको वितरणलाई निशुल्क बनाउन आवश्यक बजेटको प्रवन्ध मिलाएको छु।

१४. प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ मा पहाडी जिल्लाहरुका प्राथमिक स्वास्थ्य केन्द्रहरुमा पोष्टमार्टम गर्न शवगृह निर्माण गर्ने नीतिलाई यस पालिकामा पनि कार्यान्वयन गर्न आवश्यक पहल तथा समन्वय गरिनेछ।

१५. समुदायमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गरिरहन यस वर्ष पनि महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि खाजा तथा पोशाक खर्चलाई निरन्तरता दिएको छु।

१६. नेपाल सरकारको अति नै महत्वपूर्ण स्वास्थ्य विमा कार्यक्रमलाई अझ बढी प्रभावकारी तथा विपन्न नागरिक सम्म पहुँच पुर्याउन रु ३ लाख रकम विनियोजन गरेको छु। साथै प्रत्येक वडाहरुमा आवश्यकतानुसारको स्वास्थ्य शिविर कार्यक्रमहरु सञ्चालनमा ल्याईने व्यवस्था मिलाएको छु।

**शिक्षा तर्फ**

१७. विधालयको भौतिक संरचनाको निर्माणका लागि गाउँपालिकाले प्रदेश तथा स्थानीय तहको समपुरक अनुदानबाट सञ्चालन गर्न सिंहपुर पशुपति मा वि भवन निर्माणका लागि समयमै आयोजना प्रस्ताव गरी साझेदारीका निम्ति रु २१ लाख र वडा विनियोजनबाट रु ११ लाख गरी जम्मा ३२ लाख बजेट विनियोजन गरेको छु। साथै कावेली आधारभूत विधालयको जिर्ण भवन मर्मत संभारको लागी रु २ लाख र श्रीजङ मा वि को कक्षाकोठा निर्माण तथा मर्मतका लागी रु ४ लाख बजेटको प्रवन्ध मिलाएको छु।

१८. अमरपुर मा वि को भवन निर्माणका लागी रु १८ लाख १० हजार बजेटको व्यवस्था गरेको छु।

१९. श्री सिद्व मा वि को सिढि तथा सिलिङ निर्माणका लागि रु ३ लाख ५० हजार, झरना आ वि को ढल नियन्त्रण तथा सिढि निर्माणका लागि रु २ लाख, सरस्वती मा वि को मर्मत संभारका लागि रु ३ लाख ५० हजार, डाडागाउँ आ वि को खेलमैदानमा ग्याविन वाल निर्माणका लागि रु २ लाख र अरुणोदय आ वि, मानेडाडा नि मा वि, कञ्चनजङघा आ वि, फाल्गुनन्द आ वि, महादेव आ वि मा आवश्यकतानुसारको घेरावारा निर्माणका लागि उचित बजेटको प्रवन्ध मिलाएको छु।

२०. विधालयहरुमा अध्ययनरत छात्र तथा छात्राहरुको शारिरीक बृद्बिका लागि आवश्यक खेलकुद मैदानहरुको विकास तथा विस्तार गर्न जयभवानी आ विको खेलमैदानको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न रु १ लाख, त्यसैगरी जोरपोखरी मा विको खेलमैदान डि पि आर तयारीका लागी रु २ लाख, सिरिजङ मा वि को खेलमैदानका लागि डि पि आर तयार गर्न रु ४ लाख, जयभवानी आ वि को भवन निर्माणका लागि डि पि आर तयार गर्न रु १ लाख ५० हजार बजेट विनियोजन गरेको छु जसबाट आगामी वर्ष विधालयहरुको भौतिक पूर्वाधार विकास तर्फ योजना माग गर्न सहज हुने र बजेट सुनिश्चित हुने अपेक्षा लिएको छु।

२१. यस गाउँपालिकाका सामुदायिक विधालयहरुमा अध्ययनरत छात्र छात्राहरुमा लुकेको खेल प्रतिभा पहिचान गर्न, खेलकुद मार्फत गाउँपालिका, जिल्ला, प्रदेश हुँदै राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा ख्याति कमाउन सक्ने सम्भावना बोकेका बिधार्थीहरुका लागि बर्षेनी आयोजना गरिने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई अझ बढी प्रभावकारी र सहभागितामुलक बनाउन गाउँपालिकाको तर्फबाट थप रु ४ लाख बजेटको प्रवन्ध मिलाएको छु। साथै महिला तथा पुरुष दुवैका लागि अध्यक्ष कप फुटबल प्रतियोगिता सञ्चालनका लागि रु ५ लाख बजेटको व्यवस्था मिलाएको छु।

२२. वालबिकास केन्द्रहरुमा कार्यरत सहजकर्ता तथा विधालयहरुमा कार्यरत सहयोगी कर्मचारीहरुले खाइपाइ आएको न्यूनतम तलव स्केललाई मासिक रु १५ हजार पुर्याउन आवश्यक बजेटको प्रवन्ध मिलाएको छु।

२३. आगामी आर्थिक वर्ष पनि यस गाउँपालिकाभित्र स्थानीय आदिवासी भाषा प्रवर्द्वन कार्यक्रम सञ्चालन गर्न रु १० लाख बजेट विनियोजन गरेको छु।

**खानेपानी तथा सरसफाई**

२४. स्वच्छ पिउने पानी र सरसफाईका लागि प्रयाप्त पानीको प्रवन्ध गर्न यस आर्थिक वर्ष पनि आवश्यक बजेटको प्रवन्ध मिलाएको छु। गाउँपालिकाको धेरैजसो भू भाग तथा वस्तीहरुमा खानेपानीको अभावलाई मध्यनजर गरी सातवटै वडाहरुमा आवश्यक पर्न सक्ने फूटकर पाइपहरुको खरिदको लागि एकमुष्ट रु १५ लाख बजेट विनियोजन गरेको छु। साथै वडा बजेट सीमा बाट अमरपुर बृहत खानेपानीको मुहान व्यवस्थापनका लागि रु ४ लाख, डुडेखोला डाडागाउँमा खानेपानी मिटर जडानका लागि रु २ लाख, तीनतले खानेपानी धारा मर्मतका लागी रु २ लाख, विरिलोपा खानेपानी र पिठेधारा खानेपानीको ट्याङकी मर्मतका लागी रु २/२ लाख वजेट विनियोजन गरेको छु।

२५. अमरपुर तमोर लिफ्टिङ वृहत खानेपानी आयोजनाको लागि रु ३० करोड बराबरको बहुवर्षिय ठेक्का सम्झौता भईसकेको तथा सुभाङ बृहत खानेपानी आयोजनाको लागि रु १ अरब ४ करोड लागतको बहुवर्षिय ठेक्का आहवान भईसकेको जानकारी गराउन चाहन्छु। उक्त गौरवको खानेपानी आयोजनालाई अघि बढाउन सम्बन्धित उपभोक्ता समितिहरुले नियमानुसार व्यहोर्नुपर्ने लागत साझेदारी रकममा गाउँपालिकाले करिब १४ लाख बराबरको अनुदान सहायता यस चालु आ व मा गरेको व्यहोरा जानकारी गराउन चाहन्छु। यस बृहत खानेपानी आयोजनाहरुबाट प्रत्यक्ष रुपमा हिलिहाङ गाउँपालिकाका सबै वडावासीहरु लाभान्वित हुने करोमा म विश्वस्त छु।

२६. गाउँपालिकाको प्रमुख बजारहरु जस्तै गोपेटार, भालुचोक जस्ता शहरकेन्द्रित बजारहरुमा उत्पादन हुने फोहोरमैला व्यवस्थापन तथा सरसफाईका लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

**संष्कृति प्रवर्द्वन**

२७. यस गाउँपालिकाभित्र बसोवास गर्ने विभिन्न धर्ममा आस्था राख्ने धर्मावलम्बीहरुको धरोहर तथा सम्पदाहरुको संरक्षण तथा प्रवर्द्वन मार्फत सामाजिक सहिष्णुता तथा सामाजिक सदभावलाई कायम राख्न तथा धार्मिक पर्यटनलाई उजागर गर्न विभिन्न मन्दिर, गुम्वा, चर्च, माङहिमहरुको निर्माण, मर्मत संभार तथा संरक्षणका लागी आवश्यक बजेटको प्रवन्ध मिलाएको छु।

२८. सिंहवाहिनी पाथिभरा मन्दिरको सतल निर्माणका लागी रु २ लाख, खडग निशानी मन्दिर निर्माणका लागि रु २ लाख, जोरपोखरी गुम्वा निर्माणका लागि रु ५ लाख, गुँरासे माङहिम निर्माणका लागि रु ३ लाख, गुँरासे चर्च को मर्मत तथा सुधारका लागि रु २ लाख, केलाङ साँष्कृतिक समाज चुम्लुङहिमको रङरोगन तथा ट्वाइलेट निर्माण गर्न रु ३ लाख ५० हजार गरी अन्य धेरै मठमन्दिरहरुको निर्माण तथा मर्मतमा आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

२९. स्थानीय भाषा प्रवर्द्वन तथा साहित्य स्रष्टा सम्मान कार्यक्रम सञ्चालन गर्न उचित बजेटको व्यवस्था मिलाएको छु

**महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा समावेशीकरण**

३०. लैंगिक हिंसा निवारणका लागि प्रदेश सशर्त अनुदान मार्फत आएको कोषको प्रभावकारी परिचालन गर्न स्थानीय स्तरमा महिला तथा बालबालिका उपर हुनसक्ने संभावित हिंसा र दुर्व्यवहार नियन्त्रण गर्न विधालय र समाजमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३१. महिलाहरुलाई सिपमूलक तालिम प्रदान गरी आत्मनिर्भर तथा उधमशिल बनाउन रु ४ लाख बजेट विनियोजन गरेको छु । लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्न बजेट सहितको कार्यक्रम गरिनेछ । त्यसैगरी दलित समुदायलाई लक्षित गरी व्यवसायिक तथा सिपमूलक तालिमका लागि रु ४ लाख बजेट विनियोजन गरेको छु ।

३२. गाउँपालिकाका विधालयहरुमा गठित बाल क्लवहरुलाई उनिहरुको शारिरीक तथा मानसिक विकासमा योगदान पुर्याउने खालका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक बजेट सहितका कार्यक्रमहरु ल्याईनेछ । गाउँपालिकाभित्र रहेका ईच्छुक युवा युवतीहरुलाई पत्रकारिता सम्बन्धी अभिमुखिकरण तथा आधारभूत तालिम कार्यक्रम प्रदान गरिनेछ ।

३३. गाउँपालिका भित्रका सातै वटा वडाहरुमा रहेका जेष्ठ नागरिकहरुको सम्मान गर्न आवश्यक बजेट सहितका उचित कार्यक्रमहरु गरिनेछन ।

३४. प्रदेश सामाजिक विकास मन्त्रालय, करुणा फाउण्डेशन नेपाल र गाउँपालिकाको त्रिपक्षिय साझेदारीमा सञ्चालन भईरहेको महत्वपूर्ण अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमका लागि रु २० लाख रकम विनियोजन गरी यस कार्यक्रमलाई थप प्रभावकारी तथा नतिजामुखी कार्यान्वयनमा जोड दिईनेछ । साथै अपाङ्गता भएका ग र घ वर्गका व्यक्तिहरुका लागि कार्यविधि बनाई जिविकोपार्जन प्रोत्साहन सम्बन्धी कार्यक्रम ल्याईनेछ जसका लागि रु ६ लाख बजेटको प्रवन्ध गरेको छु ।

**कृषि तथा पशुपंछि प्रवर्द्धन**

३५. कृषि तथा पशुजन्य उत्पादनमा बृद्धि गर्न तथा ज्ञान सीप र क्षमता बोकेका युवाहरुलाई स्वदेशमै रोजगारीको अवसर सृजना गर्ने उद्धेष्यले साविक देखि नै सञ्चालित यूवा स्वरोजगार कार्यक्रमलाई अझ बढी विस्तार गर्न रु २८ लाख बजेटको व्यवस्था मिलाएको छु ।

३६. यस गाउँपालिकामा टमाटर उत्पादनको अत्यन्तै सम्भावना रहेको र अधिकांश कृषकहरु व्यवसायिक उत्पादनमा लागिरहेको तथ्यलाई मध्यनजर गरी गाउँपालिका भरिका टमाटर उत्पादक कृषकहरुलाई ८०% अनुदानमा उन्नत जातको टमाटरको विउ वितरणका लागि रु १० लाख बजेटको प्रवन्ध मिलाईनेछ । साथै अन्य ईच्छुक कृषकहरुका लागि पनि ८० प्रतिशत अनुदानमा थोपा सिँचाई मल्चिङ प्लाष्टिक सहितको टनेल वितरणका लागि रु ६ लाख बजेटको व्यवस्था गरेको छु ।

३७. कृषि उत्पादकत्व बृद्धिमा सोझै योगदान दिने भकारो सुधार कार्यक्रमका लागि रु ७ लाख बजेटको प्रवन्ध गरि गाउँपालिकालाई क्रमश प्राङ्गारिक मलको अधिकतम प्रयोग मार्फत अर्गानिक उत्पादन तर्फ अग्रसर बनाईनेछ ।

३८. कृषि तथा पशुजन्य उत्पादनमा व्यवसायिक ढङगले लागेका कृषकहरुलाई थप प्रोत्साहित गर्न आगामी वर्ष पनि ५० प्रतिशत अनुदानमा विधुतीय मोटरबाट चल्ने च्याफ कटर मेशिन वितरण गर्न रु ९ लाख ८० हजार बजेटको व्यवस्था मिलाएको छु ।

३९. पशुजन्य उत्पादनलाई जोड दिदै पशु औषधी खरिद, ढुवानी तथा व्यवस्थापनका लागि रु ७ लाख बजेट, कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गर्न रु २ लाख र पशु विमा कार्यक्रमका लागि रु ४ लाख बजेटको व्यवस्था गरेको छु ।

४०. बाख्राको मासु उत्पादन तर्फ अग्रसर बन्दै गएको गाउँपालिकाको विभिन्न वडाहरुमा बाख्राको खोर निर्माण तथा गाईपालन फार्महरुको गोठ सुधारका लागि थप अनुदानका कार्यक्रमहरु ल्याईनेछ ।

**सिँचाई पूर्वाधार निर्माण तथा सुधार**

४१. कृषि क्षेत्रको परिपुरकको रुपमा रहेको सिँचाई क्षेत्रको पूर्वाधार तयार गरी कृषिजन्य उत्पादनलाई बढाउन फुलुवा सिरिसे साम्रे हुँदै पञ्चमी आउने सिँचाइका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ ।

४२. डुडे खोला सिरिङे मुनि हुँदै सालिङे जाने सिँचाइ निर्माणका लागि रु ३ लाख र सल्लेरी सिँचाइ मर्मतका लागि रु २ लाख बजेटको प्रवन्ध गरिनेछ ।

४३. सुख्खाग्रस्त भाग बढी रहेको गाउँपालिकाको वडा नं ७ मा सिँचाइ लगायत अन्य प्रयोजनका लागि ४ वटा उचित स्थानहरुमा जलभण्डार पोखरी निर्माण गर्न रु ४ लाख बजेटको व्यवस्था मिलाएको छु ।

**पर्यटन प्रवर्द्धन**

४४. यस गाउँपालिकाको पर्यटन गुरु योजनाले निर्दिष्ट गरेको यस क्षेत्रको ऐतिहासिक तथा पुरातात्विक सम्पदाको रुपमा रहेको हिलिहाङ दरबार क्षेत्रको संवर्द्धन तथा निर्माण मार्फत यस पालिकामा पर्यटकीय सम्भावनाको प्रचुरतालाई प्रवर्द्धन गर्दै आन्तरिक आयमा वृद्धि तथा रोजगारीको सृजना गरी गरिबी निवारणमा टेवा पुग्ने अपेक्षा लिएको छु । गाँउपालिकाले चालु आ व मा नेपाल सरकारको पर्यटन पूर्वाधार विकास उपज साझेदारी कार्यक्रमका लागि प्यागोडा शैलीको हिलिहाङ दरबार भवन निर्माण आयोजनाको प्रस्ताव गरेको र उक्त प्रस्तावित आयोजना छनौट भई वि स २०८० फागुन मसान्त सम्ममा सम्पन्न हुने गरी गाउँपालिकाले बहुवर्षिय ठेक्का आहवान गरिसकेको समेत जानकारी गराउन चाहन्छु । उक्त प्रस्तावित दरबारको भवन निर्माणको कार्यान्वयनका लागि आगामी आर्थिक वर्ष साझेदारी रकममा रु ७५ लाख बजेटको व्यवस्था मिलाएको छु ।

४५. गाउँपालिकाको धार्मिक तथा प्राकृतिक सुन्दरताले भरिपूर्ण पर्यटकीय स्थानको रुपमा रहेको भोटेगढी मन्दिरमा जान आवश्यक पदमार्ग निर्माणका लागि र जोरपोखरी डोप्किले चतुरे पदमार्ग निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न आवश्यक रकमको व्यवस्था गरिनेछ ।

४६. यस गाउँपालिकाको वडा नं ६ मा पर्ने सेनेहाङ गढीडाडा, आहाल डाडा, चौरैनी डाडा, मौलो डाडा, पुलीथुम्की, संसारी डाडा तथा माङहिमका ऐतिहासिक स्थानहरुमा पर्यटकीय सम्भावना अत्यधिक रहेकाले आगामी वर्षहरुमा यी स्थानहरुलाई एकिकृत रुपमा संरक्षण, प्रवर्द्धन गर्दै लगिनेछ । साथै गाउँपालिकाको पर्यटकीय स्थानहरुको सूचीमा समावेश गरी क्रमश विस्तृत परियोजना प्रतिवेदन तयार गर्दै लगिनेछ ।

**लघु घरेलु उधम तथा सहकारी**

४७. चालु आर्थिक वर्ष देखि सम्बन्धित स्थानिय तहलाई नै हस्तान्तरित मेडपा कार्यक्रम अन्तर्गत गाउँपालिकाको वडा नं ६ र वडा नं ७ मा उधमीहरुको विकास गर्न तथा लघु घरेलु उधमलाई प्रवर्द्धन गर्न सशर्त अनुदानको रुपमा प्राप्त हुने रकमको उच्चतम सदुपयोगमा टेवा पुर्याउन थप बजेटको प्रवन्ध मिलाएको छु ।

४८. मेडपा कार्यक्रमको प्रभावकारी सञ्चालन मार्फत स्थानीय स्रोत साधन सीप क्षमताको परिचालनबाट वास्तविक उधमीहरुको पहिचान तथा सृजना हुने र गरिवि निवारणको राष्ट्रिय लक्ष्यमा प्रत्यक्ष योगदान पुग्ने विश्वास लिएको छु ।

४९. गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न सहकारी संस्थाहरुलाई लेखा व्यवस्थापन तथा कोपो मिस तालिमको लागि आवश्यक बजेटको प्रवन्ध गरिनेछ ।

**स्थानीय सडक पूर्वाधार**

५०. गाँउपालिकाको गौरवको आयोजनाको रुपमा रहेको प्रस्तावित सल्लेरी सुभाङ पञ्चमी अमरपुर कालोपत्रे सडक नेपाल सरकारले अघि सारेको प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम अन्तरगत सम्झौता भई छनौट प्रकृयाको अन्तिम चरणमा रहेकोले उक्त प्रस्तावित सडक आयोजनाको कार्यान्वयनका लागि रु ३ करोड बजेटको प्रवन्ध मिलाएको छु । उक्त प्रस्तावित आयोजना कार्यान्वियन भएमा गाउँपालिकाको केन्द्रलाई राष्ट्रिय सडक सञ्जालमा कालोपत्रे पक्की सडक मार्फत जोडी छिटो तथा सहज ढङगले सदरमुकामसँगको अन्तरसम्बन्ध कायम भई रोजगारी सृजनामा प्रत्यक्ष टेवा पुग्ने अपेक्षा लिएको छु ।

५१. मेची राजमार्ग स्थित हिलिहाङ गाउँपालिका प्रवेश गर्ने हिलिहाङ गेटदेखि हिलिहाङ दरबारक्षेत्र सम्म पुग्ने कच्ची सडकलाई कालोपत्रे मार्फत जोडन प्रदेश समपूरक अनुदान मार्फत आएको रु ५० लाखमा साझेदारी गरी आगामी आ व देखि नै कार्यान्वयन गर्न रु २१ लाख बजेटको व्यवस्था मिलाएको छु । उक्त प्रस्तावित कालोपत्रे सडक आयोजना कार्यान्वयनले पर्यटकीय हवको रुपमा विस्तार हुँदै गरेको हिलिहाङ दरबारक्षेत्रको पर्यटकीय सम्भावनालाई अझ बढी योगदान दिनेछ भन्ने विश्वास लिएको छु ।

५२. वस्ती टोल देखि वडा कार्यालय सम्म र वडा कार्यालयदेखि गाउँपालिकाको केन्द्र सम्म जोड्ने अधुरा स्थानीय सडक आयोजनाहरुको स्तरोन्नति तथा ट्रयाक ओपन गर्न आवश्यक बजेटको प्रवन्ध मिलाएको छु । एकचेप्पा टंक खनालको घर हुँदै तमोर करिडोर जाने बाटोलाई स्तरवृद्धि गरी थप ट्रयाक ओपन गर्न रु १५ लाख बजेटको व्यवस्था मिलाएको छु । थाम्देन तमोर करिडोर मोटरबाटो स्तरवृद्धिका लागि रु ७ लाख, प्राथमिक स्वास्थ्य केन्द्र गोपेटार जाने बाटो स्तरोन्नतिका लागि रु ७ लाख ५० हजार र अन्य धेरै स साना बाटोहरुको स्तरवृद्धि तथा सरसफाईका लागि उचित बजेटको व्यवस्था गरिनेछ ।

**भवन तथा शहरी विकास**

५३. गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माणको लागि यस चालु आर्थिक वर्षमा निशुल्क रुपमा जग्गा प्राप्त गरी आवश्यक विस्तृत परियोजना प्रतिवेदन र माटो परिक्षणको कार्य सम्पन्न भएको छ । आगामी आर्थिक वर्ष तोकिएको कार्यविधि बमोजिम मुख्य प्रशासनिक भवन निर्माण आयोजनाका लागि थप अनुदानका लागि प्रस्ताव गरिनेछ भने आगामी आर्थिक वर्षदेखि नै प्रशासनिक भवन निर्माणको कार्यलाई प्रारम्भ गर्न रु २ करोड बजेटको प्रवन्ध मिलाएको छु ।

५४. चालु आर्थिक वर्षमा गाउँपालिकाले आयोजना प्रस्ताव गरेकोमा आगामी आर्थिक वर्ष वडा नं १ को वडा कार्यालय भवन निर्माणका लागी रु ८८ लाख र वडा नं ५ को कार्यालय भवन निर्माणका लागि रु ८४ लाख समपुरक अनुदानका रुपमा प्राप्त भएकोले उक्त आयोजनाहरुलाई समयमै कार्यान्वयन गर्न थप रु १ करोड ७२ लाख बजेटको व्यवस्था मिलाएको छु ।

५५. वडा नं २, ३, ६ र ७ को वडा कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्ति व्यवस्थापन र तयारीका लागी रु १५ लाखका दरले एकमुष्ट रु ६० लाख बजेट विनियोजन गरेको छु ।

५६. वडा नं २, ३ र ६ को वडा कार्यालय भवन निर्माणका लागि आवश्यक विस्तृत परियोजना प्रतिवेदन तयारीका लागी आवश्यक बजेटको व्यवस्था गरेको छू ।

५७. यस गाउँपालिकाको विभिन्न वडाहरुमा रहेका प्रहरी चौकीहरु जस्तै काबेली चौकीको भान्सा घर निर्माण, प्रहरी चौकी गोपेटारको भान्साघर निर्माण, ईलाका प्रहरी कार्यालय अमरपुरको भान्साघर निर्माणमा सहयोग पुर्याउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५८. गाउँपालिकाको एक वडा एक सामुदायिक भवनको नीति अनुरुप आगामी वर्ष पनि केही वडाहरुमा सामुदायिक भवन तथा अन्य सामुदायिक संस्थागत भवनहरुको निर्माण तथा मर्मत सुधारमा लाग्ने आवश्यक बजेटको प्रवन्ध मिलाएको छु । मालवासे थलाजुङ सामुदायिक भवन निर्माण तथा मर्मत का लागि रु ३ लाख, २ नं वडामा सामुदायिक भवन निर्माणका लागि थप ३ लाख, हातेमालो कृषक समूहको भवन निर्माणका लागी रु ३ लाख, सिमलबोटे सामुदायिक भवनमा शौचालय निर्माणका लागि रु २ लाख, शेर्पा सामुदायिक भवनको सिंढी निर्माणमा रु ३ लाख, साम्रे सामुदायिक भवनका लागि रु २ लाख, काभ्रे केलाङ भवन प्लाष्टरका लागि रु २ लाख बजेटको व्यवस्था गरिएको छ ।

**भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरुको व्यवस्थापन**

५९. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुको व्यवस्थापनलाई गाउँपालिकाले उच्च प्राथमिकता दिदै चालु आ व को २०७७ मंसिर २२ गते नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोग ताहाचल र यस गाउँपालिका बीच समझदारी पत्रमा हस्ताक्षर भई गाउँपालिका भित्र रहेका वास्तविक भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको पहिचान, लगत संकलन र प्रमाणीकरणको कार्य सम्पन्न गरी आयोग समक्ष पठाईएको छ । यो महत्वपूर्ण कार्य सम्पादन गर्न गाउँपालिकाले चालू आ व मा आवश्यक सबै जनशक्ति, भौतिक स्रोत साधनका लागि बजेटको व्यवस्था गरेको थियो भने बाँकी काम पुरा गरी वास्तविक भूमिहीन दलित सुकुम्वासी तथा अव्यवस्थित बसीवासीहरुलाई तोकिएको जग्गा उपलब्ध गराउन आगामी आ व मा पनि पर्याप्त बजेटको व्यवस्था गरेको छु ।

**वातावरण तथा विपद व्यवस्थापन**

६०. प्रदेश सरकारको संवत २०७८ लाई वृक्षारोपण वर्षको रुपमा मनाउने नीति अनुरुप प्रत्येक स्थानीय तहहरुलाई पालिकासँगको साझेदारीमा २०७८ वटा काष्ठ, गैरकाष्ठ, जडीबुटी तथा फलफुल प्रजातिका बिरुवाहरु रोपण गर्ने प्रदेश अभियानसँग साझेदारी गर्न आगामी आ व का लागी रु २ लाख बजेटको व्यवस्था मिलाएको छु ।

६१. यस गाउँपालिकामा बर्षेनि हिउँदको समयमा विभिन्न सामुदायिक वनहरुमा आगलागि भई मानविय वस्ती टोल तथा जैविक विविधतामा गम्भिर असर परिरहेको तथ्यलाई मध्यनजर गरी आगामी आर्थिक वर्ष बन डढेलो नियन्त्रणका लागि उचित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६२. गाउँपालिका भित्रका अधिकांश बजार बस्ती टोलहरु आगलागीको उच्च जोखिममा रहेको अवस्था छ भने अर्कातिर विपदका समयमा अग्रपंक्तिमा खोज तथा उद्धारमा खटिने सुरक्षाकर्मीहरुका लागि आवश्यक फायर फाईटिङ सामाग्रीको अभाव पनि छ । त्यसैले भविष्यमा हुनसक्ने ठुलो मानवीय जनधनको क्षतिलाई न्यूनिकरण गर्न उक्त सामाग्रीहरु खरिदका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

६३. आगामी वर्ष जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आवश्यक पर्ने विषयहरुमा तालिम तथा क्षमता विकास गर्न उचित बजेटको प्रवन्ध मिलाईनेछ ।

६४. आगामी वर्षका लागी गाउँपालिकाले सम्पादन गरेका क्रियाकलापहरुका सम्बन्धमा चौमासिकगत रुपमा सार्वजनिक सुनुवाई तथा समिक्षा गोष्ठीहरु आयोजना गरिनेछ जसका लागि उचित बजेटको प्रवन्ध मिलाइनेछ ।

६५. गाउँपालिकाले आगामी वर्ष संस्थागत विकास तर्फ मुख्य प्रशासकीय भवन, वडा कार्यालयहरुको प्रशासनिक भवन निर्माणका लागि उचित बजेटको प्रवन्ध गर्नेछ जसबाट कार्यालयहरुबाट प्रवाह गरिने सेवाहरु भोलीका दिनहरुमा चुस्त दुरुष्त र प्रभावकारी हुने अपेक्षा लिएको छु ।

६६. यस गाउँपालिकामा हालसम्म पनि कर्मचारी समायोजन हुन नसकेको कारण स्विकृत दरबन्दी अनुसारका कर्मचारीहरुको अभावका अवस्थामा उपलब्ध जनशक्तिहरुले नै स्थानीय सरकार सञ्चालन ऐनमा तोकिएका सम्पूर्ण कार्यहरु समयमै सम्पादन गर्नैपर्ने व्यवस्था का कारण सिमित कर्मचारीहरुलाई पर्न गएको कामको चापका कारण प्राय अतिरिक्त समय तथा सार्वजनिक बिदाका बेलामा पनि काम गर्नैपर्ने वाध्यात्मक अवस्थाका कारण कर्मचारी समायोजन नभएसम्मका लागि निजहरुलाई मापदण्ड बनाई दिइदै आएको प्रोत्साहत भत्तालाई निरन्तरता प्रदान गर्न आवश्कय बजेटको व्यवस्था मिलाएको छु ।

६७. गाउँपालिकाका स्वास्थ्य संस्थाहरुमा संस्थागत डेलीभरी पश्चात ३५ दिनभित्रै स्थानीय पञ्जिकाधिकारि कहाँ आइ जन्म दर्ता गर्ने तथा मृत्यू पश्चात ३५ दिन भित्रै दर्ता गराउन आउने नागरिकहरुका लागि गाउँपालिकाले साविकदेखि अवलम्बन गरेको प्रोत्साहन नीतिलाई निरन्तरता दिदै उक्त कार्यक्रमका लागि आवश्यक बजेटको प्रवन्ध मिलाएको छु । यस कार्यक्रमबाट गाउँपालिकाको पञ्जीकरण सम्बन्धी तथ्याङलाई व्यवस्थित गर्न, सामाजिक सुरक्षा भत्तालाई अपडेटेड बनाईराख्न र बाल मृत्युदर घटाउन तथा आमा सुरक्षा लाई टेवा पुर्याउन ठुलो मधत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

**उपस्थित महानुभावहरु,**

अब म माथीका विषयक्षेत्रगत तथा उपक्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

६८. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ४९ करोड ३१ लाख ९५ हजार ९ सय ३६ विनियोजन गरेको छु । कुल विनियोजन मध्ये संघिय सशर्त अनुदान, प्रदेश सशर्त अनुदान र गाउँपालिकाको चालु खर्च समावेश भई एकमुष्ट चालु तर्फ रु ३० करोड ९९ लाख ८० हजार २ सय २२ अर्थात ६२.८५ प्रतिशत, पूँजीगत तर्फ रु १८ करोड ३२ लाख १५ हजार ७ सय १४ अर्थात ३७.१५ प्रतिशत रहेको छ । कुल विनियोजन मध्येबाट गाउँपालिका र वडा कार्यालयहरुको आवश्यकता र औचित्यताको आधारमा प्रत्येक वडाहरुलाई कार्यालय सञ्चालन तर्फ रु ५ लाख १२ हजार र कार्यक्रमहरुका लागि रु ४५ लाख बराबरको सिलिङ हस्तान्तरण गरिएको छ ।

६९. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये गाउँपालिकाको आन्तरिक आय प्रक्षेपणबाट रु ७६ लाख १२ हजार ६ सय ५, नेपाल सरकारको समानिकरण अनुदानबाट रु १० करोड ४४ लाख, राजश्व बाँडफाँडबाट रु ७ करोड २३ लाख १२ हजार, सशर्त अनुदान मार्फत २३ करोड ४६ लाख, समपुरक अनुदान मार्फत रु १ करोड ७२ लाख त्यसैगरी प्रदेश सरकारको समानिकरण अनुदानबाट रु ५८ लाख ९५ हजार, राजश्व बाँडफाँडबाट रु ३९ लाख ५८ हजार, प्रदेश सशर्त अनुदान मार्फत रु १६ लाख १० हजार र प्रदेश समपूरक अनुदानबाट रु १ करोड खर्च व्यहोरिनेछ । बाँकी अपुग रकम हालको अनुमानित नगद मौज्दातबाट रु ३ करोड ५६ लाख ८ हजार ३ सय ३१ बाट व्यहोरिनेछ ।

उपस्थित महानुभावहरु तथा प्रत्यक्ष प्रशारण सुनेर बसिरहनु भएका श्रोता महानुभावहरु !

हिलिहाङ गाउँपालिकाले नवौं गाउँसभा सम्म आइपुग्दा आज सम्म भए गरेका उपलब्धिहरुलाई संस्थागत गर्दै नेपाल सरकारको समृद्ध नेपाल, सुखी नेपालीको चाहनामा इट्टा थप्ने प्रयास अवश्य पनि गरेको छ । यसै गरी आगामी दिनहरुमा आर्थिक, सामाजिक तथा सांस्कृतिक लगायत सबै क्षेत्रको द्रुतत्तर विकास मार्फत कृषि उर्जा प्रर्यटन र प्रविधि हिलिहाङ गाउँपालिकाको समृद्धि भन्ने गाउँपालिकाको दिर्घकालिन आकांक्षा पुरा गर्ने दिशा तर्फ अग्रसर हुनेनैछौं ।

माथि उल्लेखित नीति तथा कार्यक्रमहरुको सफल र प्रभावकारी कार्यान्वयन गर्न र समग्र हिलिहाङबासीको विकासको आकांक्षा पुरा गर्न सबै क्षेत्रबाट साथ सहयोग र योगदान हुने विश्वास लिएको छु । अन्त्यमा, यस गरिमामय नवौं गाउँसभा मार्फत सम्पूर्ण राजनीतिक दल, संघ संस्थाका प्रतिनिधिहरु, नागरिक समाज, वुद्धिजिवी एवम सरोकारवालाहरु प्रति विशेष आभार तथा धन्यवाद ज्ञापन गर्दछु । साथै, उपस्थित सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, पत्रकार वर्ग, शिक्षक वर्ग, सुरक्षाकर्मी तथा सम्पूर्ण हिलिहाङबासी दाजुभाइ तथा दिदिबहिनीहरुलाई धन्यावाद ज्ञापन गर्दछु । **धन्यवाद - नमस्कार**

## निर्णय नं. २

नेपालको संविधान, २०७२ को दफा २३० बमोजिम हिलिहाङ गाउँपालिकाको नवौ गाउँसभामा आगामी आ. व. २०७८/७९ को **राजश्व र व्ययको अनुमान** यस गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक श्री सुमित्रा उप्रेती सेढाई द्वारा गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन २०७५ को दफा ३२ बमोजिम प्रस्तुत गर्नुभएको राजश्व र व्ययको अनुमान उपर व्यापक छलफल र संशोधन पश्चात सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो

हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पाँचथर
कार्यालयको कोड : ८०१०२५०७३००
कार्यक्रम / परियोजना अनुसा बजेट बिनियोजन

| आ.व. : २०७८/७९ | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | स्रोत | | | |
| | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | |
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह |
| ८०१०२५०७१०१ हिलिहाङ गाउँपालिका | | | | | | |
| १ | पारिश्रमिक कर्मचारी गाउँपालिका तर्फ | १,१९,३३,२८९ | १,१९,३३,२८९ | ० | ० | ० |
| २ | सूचना प्रविधि अधिकृत तलव प्रदेश सँग साझेदारी | १,५१,०२० | १,५१,०२० | ० | ० | ० |
| ३ | कृषि तथा पशुपन्छी सेवाका एक गाउँ एक प्राविधिक कर्मचारी त भ चाडपर्व खर्च तथा पोषाक | ९,२९,६४० | ९,२९,६४० | ० | ० | ० |
| ४ | राष्ट्रिय पन्जिकर कार्यक्रम एम आइ एस अपरेटर तथा फिल्ड सहायक पारिश्रमिक | ३,१२,५२८ | ३,१२,५२८ | ० | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | भूमि आयोगका सर्भेक्षक अमिन तथा सहयोगी कर्मचारीको पारिश्रमिक चाडपर्व तथा पोषाक खर्च | ४,७५,१२८ | ४,७५,१२८ | ० | ० | ० |
| ६ | पोशाक | ४,५०,००० | ४,५०,००० | ० | ० | ० |
| ७ | कर्मचारी स्थानीय भत्ता | ३,००,००० | ३,००,००० | ० | ० | ० |
| ८ | महंगी भत्ता | ३,९०,००० | ३,९०,००० | ० | ० | ० |
| ९ | फिल्ड भत्ता | ३,६०,००० | ३,६०,००० | ० | ० | ० |
| १० | कर्मचारीको बैठक भत्ता | ५,००,००१ | ५,००,००१ | ० | ० | ० |
| ११ | पर्यटन काज १० दिन | १०,००,००० | १०,००,००० | ० | ० | ० |
| १२ | कर्मचारी अतिरिक्त समय कार्य सन्चालन प्रोत्साहन खर्च | १०,३२,९९९ | १०,३२,९९९ | ० | ० | ० |
| १३ | पदाधिकारी बैठक भत्ता | १८,३६,००० | १८,३६,००० | ० | ० | ० |
| १४ | पदाधिकारी सेवा सुविधा | ५५,९९,९९८ | ५५,९९,९९८ | ० | ० | ० |
| १५ | पदाधिकारी अन्य सुबिधा | ९९,९९९ | ९९,९९९ | ० | ० | ० |
| १६ | कर्मचारी कल्याण कोष | ५,००,००० | ५,००,००० | ० | ० | ० |
| १७ | पानी तथा बिजुली | १,००,००० | १,००,००० | ० | ० | ० |
| १८ | संचार महसुल वडा तर्फ (वडा सचिव प्रतिमहिना १०००) | ८४,००० | ८४,००० | ० | ० | ० |
| १९ | संचार महसुल | १,००,००० | १,००,००० | ० | ० | ० |
| २० | इन्टरनेट महशुल तथा व्यवस्थापन | २,००,००० | २,००,००० | ० | ० | ० |
| २१ | सन्चार खर्च | १०,००० | ० | १०,००० | ० | ० |
| २२ | इन्धन (पदाधिकारी) | २,८०,००० | २,८०,००० | ० | ० | ० |
| २३ | इन्धन (कार्यालय प्रयोजन) वडा ईन्धन प्रतिवडा रु १०००००।० दरले समेत। | ६,९९,९९९ | ६,९९,९९९ | ० | ० | ० |
| २४ | इन्धन (कार्यालय प्रयोजन) | ८,१९,९९९ | ८,१९,९९९ | ० | ० | ० |
| २५ | सवारी साधन मर्मत खर्च वडा तर्फ प्रती वडा ७५००० का दरले। | ५,२५,००० | ५,२५,००० | ० | ० | ० |
| २६ | सवारी साधन मर्मत खर्च गापा मो सा समेत। | १०,८०,००० | १०,८०,००० | ० | ० | ० |
| २७ | जे सि भि मर्मत सम्भार खर्च | ५,००,००० | ५,००,००० | ० | ० | ० |
| २८ | बिमा तथा नवीकरण खर्च | ३,००,००० | ३,००,००० | ० | ० | ० |
| २९ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५,००,००० | ५,००,००० | ० | ० | ० |
| ३० | मसलन्द तथा कार्यालय सामाग्री गा पा तर्फ | ५,००,००० | ५,००,००० | ० | ० | ० |
| ३१ | कार्यालयलय सम्बन्धी खर्च गाउँपालिका तर्फ | १०,१५,००० | १०,१५,००० | ० | ० | ० |
| ३२ | मसलन्द तथा कार्यालय सामाग्री - वडा कार्यालय रु १०००००।० दरले। | ७,००,००२ | ७,००,००२ | ० | ० | ० |
| ३३ | भूमि आयोग शाखा सन्चालन तथा ब्यवस्थापन | ५०,००० | ५०,००० | ० | ० | ० |
| ३४ | पुस्तक तथा सामग्री खर्च | ५०,००० | ५०,००० | ० | ० | ० |
| ३५ | जे सि भि इन्धन खर्च | २,५०,००० | २,५०,००० | ० | ० | ० |
| ३६ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १५,००,००० | १५,००,००० | ० | ० | ० |
| ३७ | न्यायिक समिति सचिवालय खर्च | २,००,००० | ० | २,००,००० | ० | ० |
| ३८ | गा पा तथा वडा सफ्टवेयर इन्साटेलसन सर्भिसिङ तथा मेन्टेनेन्स खर्च सूचना प्रविध शाखा मार्फत। | ५०,००० | ५०,००० | ० | ० | ० |
| ३९ | सुचिकृत मेलमिलापकर्तालाई पुनर्ताजगि तालिम | २,००,००० | २,००,००० | ० | ० | ० |
| ४० | जनप्रतिनिधी र कर्मचारीको क्षमता विकास | १,००,००० | ० | १,००,००० | ० | ० |
| ४१ | जीवनउपयोगी सिपविकास तालिमका लागि साझेदारी रकम | ३,००,००० | ० | ३,००,००० | ० | ० |
| ४२ | प्रकोप व्यवस्थापन कोष | ८५,००,००० | ८५,००,००० | ० | ० | ० |
| ४३ | राजश्व सङकलन सफ्टवेयर अपडेटिङ तथा नविकरण शुल्क | १,००,००० | १,००,००० | ० | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४४ | सहकारी लेखा व्यवस्थापन तथा कोपो मिस तालिम | २,००,००० | २,००,००० | ० | ० | ० |
| ४५ | महिलाहरुको लागि सिपमूलक ३ महिने तालिम प्रतिवडा ३ जना | ४,००,००० | ० | ४,००,००० | ० | ० |
| ४६ | बाल क्लव तथा सञ्जाल ब्यवस्थापन तथा अतिरिक्त क्रियाकलाप प्रति वडा १ लाखका दरले | ७,००,००० | ० | ७,००,००० | ० | ० |
| ४७ | सार्वजनिक सुनुवाई तथा समिक्षा गोष्ठी | २,००,००० | ० | २,००,००० | ० | ० |
| ४८ | दलित समूह शिपमूलक तालिम | ४,००,००० | ० | ४,००,००० | ० | ० |
| ४९ | उद्यमीहरुको स्तरोन्नति (पुर्नताजगी तथा एडभान्स सिप विकास तालिम) | ३,४३,८६० | ० | ३,४३,८६० | ० | ० |
| ५० | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान | ५०,००० | ० | ५०,००० | ० | ० |
| ५१ | साहित्य स्रष्टा सम्मान कार्यक्रम | १,००,००० | ० | १,००,००० | ० | ० |
| ५२ | राजश्व सुधार कार्ययोजना पदाधिकारी कर्मचारी क्षमता अभिवृदि तालिम समपुरक | २,००,००० | २,००,००० | ० | ० | ० |
| ५३ | भोटेगढी पदमार्गका लागि विस्तृत परियोजना प्रतिवेदन | २,००,००० | २,००,००० | ० | ० | ० |
| ५४ | युवा पत्रकारिता तालिम कार्यक्रम | १,००,००० | ० | १,००,००० | ० | ० |
| ५५ | जेष्ठ नागरिक सम्मान कार्यक्रम प्रति वडा १५ जनाका दरले | ३,१५,००० | ० | ३,१५,००० | ० | ० |
| ५६ | अपाङगता रोकथाम कार्यक्रमऽ प्रदेश सरकार तथा करुना फाउन्डेशन सँगको समपुरक | १५,६०,००० | १५,६०,००० | ० | ० | ० |
| ५७ | बहुक्षेत्रीय पोषण कार्यक्रम साझेदारी निरन्तरता | ८,००,००० | ८,००,००० | ० | ० | ० |
| ५८ | अपाङगता भएका ग र घ बर्गलाइ जिविकोपार्जन प्रोत्साहन कार्यक्रम | ६,००,००० | ६,००,००० | ० | ० | ० |
| ५९ | जोरपोखरी डोप्किले चतुरे पदमार्ग विस्तृत परियोजना प्रतिवेदन | १,५०,००० | ० | १,५०,००० | ० | ० |
| ६० | स्थानीय तह सस्थागत क्षमता स्वमूल्याङकन कार्यक्रम | १,००,००० | १,००,००० | ० | ० | ० |
| ६१ | भ्रमण खर्च। कार्यालय कर्मचारी पदाधिकारी तथा प्रति वडा रु १५०००।० दरले। | १०,५०,००० | १०,५०,००० | ० | ० | ० |
| ६२ | भ्रमण खर्च गापा पदाधिकारी तथा कर्मचारी समेत। | १२,००,००० | १२,००,००० | ० | ० | ० |
| ६३ | गा पा विपत सामाग्री ब्यवस्थापन | ८,००,००० | ८,००,००० | ० | ० | ० |
| ६४ | सभा सञ्चालन खर्च - वडासभा रु २५०००।० प्रति वडा समेत | १,७५,००० | १,७५,००० | ० | ० | ० |
| ६५ | स्थानीय पत्रिका सूचना छपाइ तथा एफ एम रेडियाे /सूचना सन्देश प्रशारण कार्यक्रम | ५,००,००० | ५,००,००० | ० | ० | ० |
| ६६ | विविध खर्च गाउँपालिका तर्फ | ७,००,००० | ७,००,००० | ० | ० | ० |
| ६७ | सभा सन्चालन खर्च | २,५८,००० | २,५८,००० | ० | ० | ० |
| ६८ | मेलमिलपकर्तालाई प्रोत्साहन खर्च | ५०,००० | ० | ५०,००० | ० | ० |
| ६९ | खानेपानी फुटकर पाइप वितरण | १५,००,००० | ६,७६,२४३ | ८,२३,७५७ | ० | ० |
| ७० | सभा दिवस तालिम सन्चालन बिविध खर्च | २,७५,००० | २,७५,००० | ० | ० | ० |
| ७१ | विविध खर्च वडा कार्यालय सन्चालन प्रतिवडा रु ५००००।० | ३,५०,००० | ३,५०,००० | ० | ० | ० |
| ७२ | अध्यक्षको सचिवालय खर्च | ४,००,००० | ४,००,००० | ० | ० | ० |
| ७३ | राजपत्र तथा रेड बुक प्रकाशन खर्च | ५,००,००० | ५,००,००० | ० | ० | ० |
| ७४ | सार्वजनिक उपयोगिताको सेवा खर्च ० ईलाका प्रहरी कार्यालय ७५000 गाेपेटार प्र चौ 40000 जोरपोखरी प्र चौ 60000 अमरपुर प्र चौ 20000 सिहपुर प्र चौ ३०000 कावेलि प्र चौ 30000 समेत | २,५५,००० | २,५५,००० | ० | ० | ० |
| ७५ | प्रदेश पत्रकार कल्याण कोष अनुदान सहायता | १,००,००० | १,००,००० | ० | ० | ० |
| ७६ | आकष्मिक कोष | ३७,००,००० | ३३,८६,३३१ | ० | ३,१३,६६९ | ० |
| ७७ | अन्य सहायता जन्म दर्ता प्रोत्साहन खर्च प्रतिव्यक्ति रु २०००।० | ४,००,००० | ४,००,००० | ० | ० | ० |
| ७८ | अन्य सहायता ३५ दिन भित्र मृत्यू दर्ता प्रोत्साहन खर्च रु 2000।० दरले। | ३,००,००० | ३,००,००० | ० | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७९ | ब्लड बैक सन्चालनको लागि जिल्ला रेडक्रसलाई सहायता। | ५०,००० | ५०,००० | ० | ० | ० |
| ८० | घरभाडा वडा कार्यालय समेत | ५,००,००० | ५,००,००० | ० | ० | ० |
| ८१ | सवारी साधन तथा मेशिनर औजार भाडा | १,००,००० | १,००,००० | ० | ० | ० |
| ८२ | वडा नं २ को वडा कार्यालय भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन | १,५०,००० | १,५०,००० | ० | ० | ० |
| ८३ | समपुरक अनुदान - सिहपुर पशुपति मा वि भवन निर्माण (प्रदेश सँगको साझेदारी) | २१,४२,८५७ | ० | ० | २१,४२,८५७ | ० |
| ८४ | सुरक्षित आप्रवासन परियोजना सामी | १,५०,००० | ० | १,५०,००० | ० | ० |
| ८५ | ३ नं. वडा कार्यालयको भवन निर्माण | १५,००,००० | १५,००,००० | ० | ० | ० |
| ८६ | समपुरक बजेट - पर्यटन पूर्वाधार विकास अन्तर्गत प्यगोडा शैलिको हिलिहाङ दरबार निर्माण | ७५,००,००० | ० | ७५,००,००० | ० | ० |
| ८७ | ६ नं. वडा कार्यालयको भवन निर्माण | १५,००,००० | १५,००,००० | ० | ० | ० |
| ८८ | २ नं. वडा कार्यालयको भवन निर्माण | १५,००,००० | १५,००,००० | ० | ० | ० |
| ८९ | समपुरक बजेट - सघिय समपुरक अन्तर्गत वडा न ५ को भवन निर्माण | ८४,००,००० | ० | ८४,००,००० | ० | ० |
| ९० | गाउँपालिका प्रशासकीय भवन निर्माण | २,००,००,००० | १,००,००,००० | १,००,००,००० | ० | ० |
| ९१ | समपुरक बजेट - सघिय समपुरक अन्तर्गत वडा न १ को भवन निर्माण | ८८,००,००० | ० | ७५,०४,३८३ | १२,९५,६१७ | ० |
| ९२ | ७ नं. वडा कार्यालयको भवन निर्माण | १५,००,००० | १५,००,००० | ० | ० | ० |
| ९३ | ७ वटा वडामा खटिने श्रमिकहरुलाई आवश्यक औजार तथा सुरक्षा सामग्री | ३,००,००० | ० | ३,००,००० | ० | ० |
| ९४ | मेशिनरी तथा औजार उपकरण खरिद | ७,००,००० | ७,००,००० | ० | ० | ० |
| ९५ | वडा कार्यालयका ा लागि डेक्सटप कम्यूटर प्रिन्टर लगाएतका उपकरण खरिद | ७,००,००० | ७,००,००० | ० | ० | ० |
| ९६ | मोटर साइकल खरिद ३ थान | ९,००,००० | ९,००,००० | ० | ० | ० |
| ९७ | गा पा फर्निचर तथा फिक्चर्स ब्यवस्थापन | १०,००,००० | १०,००,००० | ० | ० | ० |
| ९८ | वडा न ५ का े गुरुङछाप खेलमैदान बृस्तृत परियोजना प्रतिवेदन | २,००,००० | २,००,००० | ० | ० | ० |
| ९९ | समपुरक अनुदान - हिलिहाङ गेट - हिलिहाङ दरवारसम्म कालोपत्रे सडक निर्माण(प्रदेश सँगको साझेदारी) | २१,४२,८५७ | ० | ० | २१,४२,८५७ | ० |
| १०० | भालुचोक अमरपुर सडक कालोपत्रे विस्तृत परियोजना प्रतिवे | १,००,००० | ० | १,००,००० | ० | ० |
| १०१ | एकचेप्पा टंक खनालको घर हुँदै तमोर करिडोर जाने बाटो ट्याक ओपन तथा स्तरवृद्धि | १५,००,००० | १५,००,००० | ० | ० | ० |
| १०२ | तुङनुपा हेवा खोला ट्याक ओपन | ५,००,००० | ५,००,००० | ० | ० | ० |
| १०३ | केरावारी सुर्के हुँदै साम्रे जाने बाटो स्तरोन्नति | २,००,००० | २,००,००० | ० | ० | ० |
| १०४ | समपुरक बजेट - प्रादेशिक एवम् स्थानीय सडक निर्माण एवम् सुधार कार्यक्रम अन्तर्गत सल्लेरी सुभाङ पन्चमी कालोपत्रे सडक निर्माण | ३,००,००,००० | १,००,००,००० | २,००,००,००० | ० | ० |
| १०५ | सिंहपुर देखि लिम्बुनी पुलसम्म जाने कालोपत्रे सडक डि पि आर | २,७५,००० | २,७५,००० | ० | ० | ० |
| १०६ | थाम्देन तमोर करिडोर मोटरबाटो स्तरवृद्धि | ७,००,००० | ७,००,००० | ० | ० | ० |
| १०७ | प्राथमिक स्वास्थ्य केन्द्र गोपेटार जाने बाटो स्तरोन्नति | ७,५०,००० | ७,५०,००० | ० | ० | ० |
| १०८ | हाङऐपुङ देखि मध्यपहाडीसम्म कालोपत्रे सडक विस्तृत परियोजना प्रतिवेदन | ३,६०,००० | ० | ३,६०,००० | ० | ० |
| १०९ | फुलुवा सिरिसे साम्रे हुँदै पञ्चमी आउने सिँचाईका लागि विस्तृत परियोजना प्रतिवेदन | ३,००,००० | ० | ३,००,००० | ० | ० |
| ११० | प्रदेश वृक्षारोपण वर्ष कार्यक्रम साझेदारी | २,००,००० | ० | २,००,००० | ० | ० |
| १११ | वन डढलो नियन्त्रणसम्बन्धी कार्य | ३,००,००० | ० | ३,००,००० | ० | ० |
| ११२ | वडा नं ६ को वडा कार्यालय भवन निर्माणका लागि विस्तृत | १,५०,००० | ० | १,५०,००० | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | परियोजना प्रतिवेदन | | | | | |
| ११३ | भीमसेन मन्दिर निर्माण सल्लेरी | ८,००,००० | ८,००,००० | ० | ० | ० |
| ११४ | सामुदायिक भण्डार गृह निर्माण, हिलिहाङ २ | २,५०,००० | २,५०,००० | ० | ० | ० |
| ११५ | वडा नं ३ को वडा कार्यालय भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन | १,५०,००० | ० | १,५०,००० | ० | ० |
| ११६ | पुष्पलाल मदन भण्डारी स्मृति परिषद बहुउदेश्यीय सामुदायिक भवन निर्माण | ५,००,००० | ५,००,००० | ० | ० | ० |
| ११७ | लिङदेन वन्धु समाधीस्थल विकट पाटी भवन निर्माण हिलिहाङ गा पा १ | १०,००,००० | १०,००,००० | ० | ० | ० |
| ११८ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,००,००० | १,००,००० | ० | ० | ० |
| ११९ | सेवा र परामर्श खर्च/ बौदिक सम्पति प्राप्ती खर्च | ५,००,००० | ५,००,००० | ० | ० | ० |
| ८०१०२५०७२०१ हिलिहाङ गाउँपालिकावडा नं.१ | | | | | | |
| १२० | १ नं. वडास्तरीय खेलकुद कार्यक्रम | १,५०,००० | १,५०,००० | ० | ० | ० |
| १२१ | सामुदायिक विधालयहरुका लागि पानी, विजुली महशुल खर्च | १,००,००० | १,००,००० | ० | ० | ० |
| १२२ | बाख्राको खोर निर्माण १२ वटा | १,८०,००० | ० | १,८०,००० | ० | ० |
| १२३ | ईलाका प्रहरी कार्यालयको भान्साघर निर्माण योजना | २,००,००० | ० | २,००,००० | ० | ० |
| १२४ | अमरपुर मा वि भवन निर्माण आयोजना | १८,१०,००० | ० | १८,१०,००० | ० | ० |
| १२५ | अमरज्योति र सिंहमार्ग आ. वि. लाई फर्निचर तथा फिक्चर्स खरिद | १,००,००० | ० | १,००,००० | ० | ० |
| १२६ | निर्माण भएका मो बा सरसफाई तथा मर्मत सुधार | २,६०,००० | २,६०,००० | ० | ० | ० |
| ५. | एक महिना सम्म जादु, मेला सर्कस तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गराए बापत (प्रति दिन) | रु २०० | |
| ६. | एक महिना भन्दा बढी जादु, मेला सर्कस तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गराए बापत (प्रति महिना) | रु ५५०० | |
| ७. | नेपाली चलचित्रको प्रदर्शनमा सि न १ मा उल्लेखित दरमा ५०% छुट दिईनेछ। | | |

**अनुसूची ९**

(दफा १० सँग सम्बन्धित)

**बहाल बिटौरी कर**

| सि.नं. | शीर्षक | प्रति एकाइ | तोकिएको दर आ.ब.२०७६/७७ | तोकिएको दर आ.ब.२०७७/७८ |
|---|---|---|---|---|
| १ | वहाल विटौरी शुल्क | | | |
| १.१ | गा.पा. क्षेत्र भित्रका सार्वजनिक स्थल ऐलानी जग्गा वा वाटोको छेउमा अस्थायी रुपले व्यवसाय गर्न दिएबापत मासिक वहाल विटौरी कर | वर्ग फिट प्रतिशत | रु ०.२ प्रति बर्ग फुट आठानी सम्म | रु ०.२ प्रति बर्ग फुट आठानी सम्म |

**अनुसूची १०**

(दफा ११ सँग सम्बन्धित)

**पार्किङ शुल्क**

गाउँपालिकाले पार्किङ पुर्वाधारको निर्माण गरी देहाय बमोजिमको दर अनुसार संकलन गर्ने छ।

| सि न | शीर्षक | प्रति इकाई | तोकिएको दर आ.व. २०७७/०७८ | तोकिएको दर आ.व. २०७८/०७९ |
|---|---|---|---|---|
| १ | पार्किङ शुल्क | | | |
| १.१ | बस, टिप्पर, ट्रक | प्रतिघण्टा | २०.०० | २०.०० |
| १.२ | ट्याक्सी, कार, भ्यान | प्रतिघण्टा | १५.०० | १५.०० |
| १.३ | मोटरसाइकल, अटो, सिटि सफारी | प्रतिघण्टा | ५.०० | ५.०० |

**अनुसूची ११**

(दफा १२ सँग सम्बन्धित)

**ट्रेकिङ शुल्क**

गाउँपालिकामा ट्रेकिङ रुटको निर्माण नभएकोले आगामी आ.व. मा निर्माण गरी कर को दायरामा ल्याउने।

| क्र .सं | शीर्षक | आ. व. २०७६/७७ | आ. व. २०७७/७८ | आ. व. २०७८/७९ |
|---|---|---|---|---|
| १ | र्यापफटिङ व्यवसाय वार्षिक | ० | रु ५००० वार्षिक | रु ५००० वार्षिक |

**अनुसूची १२**

(दफा १३ सँग सम्बन्धित)

**सार्वजनिक सेवा शुल्क/दस्तुर**

| क्र. सं. | शीर्षक | एकाई | आ. व. २०७६/७७ | आ. व. २०७७/७८ | आ. व. २०७८/७९ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक सेवा शुल्क | | | | | |
| १.१ | विदेशजानको लागी कागजी प्रमाणिकरण दस्तुर | प्रति | ५००/- | ५००/- | ५००/- | |
| १.२ | अन्यसिफारिस | प्रति | ५००/- | ५००/- | ५००/- | |
| १.२.१ | व्यक्तिगत खानेपानी तथा विद्युत | प्रति | २००/- | २००/- | २००/- | |
| १.२.२ | संस्थागत खानेपानी तथा विद्युत | प्रति | ५००/- | ५००/- | ५००/- | |
| १.३ | पेट्रोलपम्प ईजाजत पत्र सिफारिस | | ६,०००/- | ६,०००/- | ६,०००/- | |
| १.४ | गैसस दर्तासिफारिस | | १,०००/- | १,०००/- | १,०००/- | |
| १.५ | उपभोक्ता समितिको खाता खोल्दाको प्रमाणित सिफारिस दस्तुर | | ०/- | ०/- | ०/- | |
| १.६ | संघसंस्था, उपभोक्ता समितिको खाता बन्द सिफारिस दस्तुर | | ५००/- | ५००/- | ५००/- | |
| १.७ | गैससनविकरण दस्तुर | | | | | |
| १.७.१ | आर्थिकवर्षको आश्विन मसान्त सम्मको लागी | | ५००/- | ५००/- | ५००/- | |
| १.७.२ | कार्तिक महिनादेखि सोहि आ. व को अन्त्य सम्मको शुल्क | | ३००/- | ३००/- | ३००/- | |
| १.७.३ | आर्थिक वर्ष समाप्त भएपछि प्रत्येक आ. व. को थप शुल्क | | ५००/- | ५००/- | ५००/- | |
| १.७.४ | संस्था दर्ता | | | | २०००/- | |
| १.७.५ | सस्था नविकरण | | | | १०००/- | |
| १.७.६ | सस्था नविकरण विलम्ब शुल्क प्रति महिना | | | | १००/- | |
| १.७.७ | संस्थाकोविधान संशोधन सिफारिस शुल्क | | १०००/- | १०००/- | १०००/- | |
| १.८ | परिक्षादस्तुर | | | | | |
| | क) रा. प.अंकित पदको लागि | | १०००/- | १०००/- | १०००/- | |
| | ख) रा. प.अनंकित प्रथम | | ५००/- | ५००/- | ५००/- | |
| | ग) रा. प.अनंकित द्वितिय | | ४००/- | ४००/- | ४००/- | |
| | घ)श्रेणिविहिन | | ३००/- | ३००/- | ३००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.९ | ईजाजतपत्र दर्ता तथा नविकरणशुल्क | | | | | |
| | क) "घ" वर्ग दर्ताको ईजाजत पत्र दस्तुर | | ५०००/- | ५०००/- | ५०००/- | |
| | ख) "घ" वर्ग नयाँ दर्ताको ईजाजत पत्र स्थानिय विकासदस्तुर | | २,५००/- | २,५००/- | २,५००/- | |
| | ग) "घ" वर्ग ईजाजत पत्रको प्रमाणित प्रतिलिपि दस्तुर | | १०००/- | १०००/- | १०००/- | |
| | घ)ईजाजतपत्रको चालु आ.व . को आश्विन मसान्त सम्मको नविकरण बापत | | १,०००/- | १,०००/- | १,०००/- | |
| | ङ) ईजाजतपत्रको कार्तिक महिनादेखि चैत्र महिना सम्मको लागि नविकरणबापत थप दस्तुर | | १,५००/- | १,५००/- | १,५००/- | |
| | च) नामसारी | | ३०००/- | ३०००/- | ३०००/- | |
| | छ) नामपरिवर्तन बापत | | १,५००/- | १,५००/- | १,५००/- | |
| | ज)ठाउँसारी बापत | | २,०००/- | २,०००/- | २,०००/- | |
| १.१० | गाउँपालिकाकोदररेट प्रतिलिपि उतार दस्तुर | | ५००/- | ५००/- | ५००/- | |
| १.११ | गाउँपालिकापार्श्वचित्र प्रति पुस्तक थान | | ३००/- | ३००/- | ३००/- | |
| १.१२ | निश्चितस्थानको कोष प्रमाणित शुल्क | | ५०/- | ५०/- | ५०/- | |
| १.१३ | कार्यपालिकालेवा गाउँसभाले पारित गरेको ऐन, कानुन, कार्यविधि विनियम प्रति पृष्ठ | | ५/- | ५/- | ५/- | |
| १.१४ | दर्ता रनविकिरण दस्तुर | | | | | |
| | क)व्यक्तिगत घटना दर्ता (अभिलेख व्यवस्थापन सहित) | | | | | |
| | ख) प्रमाणपत्रदस्तुर (३६ दिन देखि १ वर्ष सम्म) | पटक | १००/- | १००/- | १००/- | |
| | १ वर्षनाघेमा जरिवाना | पटक | १००/- | १००/- | १००/- | |
| | प्रमाणपत्रकोप्रतिलिपि | पटक | १००/- | १००/- | १००/- | |
| १.१५ | सिफारिसदस्तुर | | | | | |
| | १)नागरिकता सिफारिस (प्रतिलिपि सहित) | गोटा | १५०/- | १५०/- | १५०/- | |
| | २) नाताप्रमाणित | गोटा | ५००/- | ५००/- | ५००/- | |
| | ३) नाताप्रमाणित अंग्रेजीमा | गोटा | १०००/- | १०००/- | १०००/- | |
| | ४) नाम, थरसंशोधन, नाबालक सिफारिस | गोटा | ३००/- | ३००/- | ३००/- | |
| | ५)घरजग्गानामसारी सिफारिस | गोटा | १०००/- | १०००/- | १०००/- | |
| | ६) घरसारासिफारिस | गोटा | १०००/- | १०००/- | १०००/- | |
| | ७) जग्गारजिष्ट्रेसन,घरबाटो प्रमाणित | गोटा | १०००/- | १०००/- | १०००/- | |
| | ८)पानदर्ता सिफारिस | गोटा | १,०००/- | १,०००/- | १,०००/- | |
| | ९) जन्ममिति प्रमाणित | | | | | |
| | क) २०४७साल अगाडीको | | ५००/- | ५००/- | ५००/- | |
| | ख) २०४७साल पछाडीको | | | | | |
| | १०) विवाह दर्ताप्रमाणित | | | | | |
| | क) २०४७साल अगाडीको | | ५००/- | ५००/- | ५००/- | |
| | ख) २०४७साल पछाडीको | | | | | |
| | ११) मृत्युदर्ता प्रमाणित | | २००/- | २००/- | २००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १२) चारित्रिक प्रमाणपत्रको सिफारिस | | ५००/- | ५००/- | ५००/- | |
| | १३) सम्बन्ध विच्छेद सिफारिस | | ५००/- | ५००/- | ५००/- | |
| | | | | | | |
| | क)कालोपत्रेसडकले छूने | | १५००/- | १५००/- | १५००/- | |
| | ख) कच्चीसडकले छोएको | | १०००/- | १०००/- | १०००/- | |
| | ग) कुनैपनिसडकले नछोएको | | ५००/- | ५००/- | ५००/- | |
| | १५) परिवारकायम सिफारिस | | ५००/- | ५००/- | ५००/- | |
| | १६) संस्थादर्ता सिफारिस | | १,०००/- | १,०००/- | १,०००/- | |
| | १७) उधमव्यवसाय सन्चालन दर्ता | | १,०००/- | १,०००/- | १,०००/- | |
| | | | | | | |
| | क) घर/व्यक्तिगत प्रयोजन | | २००/- | २००/- | २००/- | |
| | ख) संघसंस्था, व्यवसायिक प्रयोजन | | ५००/- | ५००/- | ५००/- | |
| | १९)अपुताली सिफारिस | | ३०००/- | ३०००/- | ३०००/- | |
| | २०)स्वदेशी पेन्सन पट्टाको सिफारिस | | १०००/- | १०००/- | १०००/- | |
| | २१) विदेशीपेन्सन पट्टाको सिफारिस | | २५००/- | २५००/- | २५००/- | |
| | २२) मोहिलगत कट्टा सिफारिस | | १०००/- | १०००/- | १०००/- | |
| | २३)अंग्रेजीमा सिफारिस | | १०००/- | १०००/- | १०००/- | |
| | २४) विविधसिफारिस | | | | | |
| | २५)सर्वेयर/अमिन सेवा शुल्क | | | | | |
| | क) घरनक्सा निर्माण स्विकृति प्रयोजनको लागी | पटक | ७००/- | ७००/- | ७००/- | |
| | ख) अन्यप्रयोजन | पटक | १,०००/- | १,०००/- | १,०००/- | |
| | २६) घर कायमसिफारिस बैंकिङ प्रयोजन | | ५००/- | ५००/- | ५००/- | |
| | २७) आम्दानीप्रमाणित | प्रतिशत | ०.३ | ०.३ | ०.३ | |
| १.१६ | निवेदनदर्ता | | १०.०/- | १०.०/- | १०.०/- | टिकट |
| १.१७ | अंशियारप्रमाणित सिफारिस | | ५००/- | ५००/- | ५००/- | |
| १.१८ | धनिपुर्जामाघरकायम सिफारिस | | | | | |
| | क) ५ लाखसम्म | | ३००/- | ३००/- | ३००/- | |
| | ख)१० लाखसम्म | | ४००/- | ४००/- | ४००/- | |
| | ग) ५० लाखसम्म | | १०००/- | १०००/- | १०००/- | |
| | घ) १ करोडसम्म | | २०००/- | २०००/- | २०००/- | |
| १.१९ | रुखकाट्नेसिफारिस दस्तुर | प्रति | ५०/- | ५०/- | ५०/- | खयरको लागि रु१००प्रति रुख |
| १.२० | बसाईसराईजाँदा सामान लैजाने सिफारिस | पटक | ५००/- | ५००/- | ५००/- | |
| १.२१ | व्यवसायबन्दको सिफरिस | पटक | ५००/- | ५००/- | ५००/- | |
| १.२२ | हल भाडादैनिक | पटक | १०००/- | १०००/- | १०००/- | |
| १.२३ | साउण्डसिस्टम | पटक | ५००/- | ५००/- | ५००/- | |
| १.२४ | प्रोजेक्टर | पटक | ५००/- | ५००/- | ५००/- | |
| १.२५ | पुर्वाधारउपयोग दररेट | | | | | |
| | क) लोडर, डोजर,रोलर लगायतका ठुला उपकरण | वार्षिक | ०/- | ५०००/- | १००००/- | |
| | ख)ट्रयाक्टर,पिकअप, ट्याक्सी | वार्षिक | ५,०००/- | ५,०००/- | ५,०००/- | |
| १.२६ | सार्वजनिकशौचालय प्रयोग शुल्क | | | | | |
| | क) दिशा | पटक | १०/- | १०/- | १०/- | |
| | ख)पिसाब | पटक | ५/- | ५/- | ५/- | |
| १.२७ | फिल्मसुटिङ ठुलो पर्दा | प्रतिदिन | १,०००/- | १,०००/- | १,०००/- | |
| १.२८ | म्युजिकभिडियो | प्रतिदिन | ५००/- | ५००/- | ५००/- | |
| १.२९ | टेलिसिरियल | प्रतिदिन | ५००/- | ५००/- | ५००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.३० | बाँसकटानसिफारिस | गोटा | २.००/- | २.००/- | २.००/- | |
| १.३१ | दलित, आदिवासी जनजाति सिफारिस | गोटा | १००/- | १००/- | १००/- | |
| १.३२ | अपाङ्ग, विद्यार्थी सिफारीस | गोटा | निशुल्क | निशुल्क | निशुल्क | |
| १.३३ | खानेपानीमुहान दर्ता सिफारिस | गोटा | १०००/- | १०००/- | १०००/- | |
| १.३४ | जलस्रोतउपभोक्ता समिति | गोटा | १०००/- | १०००/- | १०००/- | |

आ.व. २०७८/७९ का लागी घरको नक्सापास गर्ने र अभिलेखिकरण गर्नका लागी तपसिल अनुसारको शुल्क निर्धारण गर्ने निर्णय गरियो।

| क्रं. सं | घरको किसिम | दर रु. प्रति वर्ग फिट नक्सापास का लागी | दर रू. प्रति वर्ग फिट अभिलेखिकरण का लागी |
|---|---|---|---|
| १. | बाँसको बारबेर गरी माटोको लेपन गरेको/नगरेको र प्लास्टिक खर तथा कर्कटपाता छानो भएको | ०.३५ | ०.२५ |
| २. | ईटा/ढुङ्गा-माटोको जोडाई बाँस काठ/सिमेन्टको वारबेर गरी प्लास्टिक/खर/कर्कट पाताको छाना लगाएको | ३.० | २.० |
| ३. | काठको घर कर्कटपाताको छाना भएको | ५.० | ३.० |
| ४. | कर्कटपाताको छाना भएको ईटा, ढुङ्गा सिमेन्टको जोडाई भएको | ६.० | ३.५० |
| ५. | आर.सि.सि सिमेन्ट प्लास्टर भएको वा ढलान भएको | ७.० | ४.५० |
| ६. | कम्पाउण्ड वाल | ५.० | ३.० |

द्रष्टव्य:

१. गाउँपालिकाको स्विकृति नलिई घर तथा संरचना निर्माण गर्ने लाई मापदण्ड भित्र रहेछ भने रु ३.०० थप जरिवाना लिई प्रकृया अगाडि बढाउन सकिनेछ।

२. तोकिएको अवधि भित्र अभिलेखिकरण गर्न नआएमा माथि उल्लेखित अभिलेखिकरण दर मा रु २.०० थप जरिवाना लाग्नेछ।

३. नक्सापास गर्ने प्रयोजनको लागी बुँदा नं १ का लागी आवेदन दस्तुर रु २५.०० र अन्यको हकमा रू २००.०० लाग्नेछ।

४. अभिलेखिकरणको लागी आवेदन दस्तुर रु ५०.०० लाग्नेछ।

क) सूचना वापत लाग्ने दस्तुर

| क्र स | सुचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम गाउँकार्यपालिकाले उपलब्ध गराउने सुचनाको हकमा दफा ८ बमोजिम दस्तुर लागतको आधारमा | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क) प्रति पृष्ठ | ५.००/- | ५.००/- | ५.००/- | | |
| २ | ख) प्रति सि डि | १००/- | १००/- | १००/- | | |

ख) गै.स.स. नविकरण दस्तुर

| क्रं.सं | किसिम | आ. व. २०७६/७७ | आ. व. २०७७/७८ | आ. व. २०७८/७९ |
|---|---|---|---|---|
| १. | आर्थिक वर्षको आश्विन मसान्त सम्मको लागी | ५००/- | ५००/- | ५००/- |
| २. | कार्तिक महिनादेखि सोहि आ. व. को अन्त्य सम्म थप शुल्क | ३००/- | ३००/- | ३००/- |
| ३. | आर्थिक वर्ष समाप्त भएपछि प्रत्येक आ .व को थप शूल्क | ५००/- | ५००/- | ५००/- |
| ४. | संस्थाको विधान संशोधन सिफारिस | १०००/- | १०००/- | १०००/- |

## अनुसूची १३

(दफा १४ सँग सम्बन्धित)

**पर्यटन शुल्क**

१ नं. प्रदेश सरकारकोप्रदेश आर्थिक ऐन २०७८ को दफा ७ (अनुसूची-४) बमोजिम हुनेछ। यस सम्बन्धी अन्य ब्यवस्था १ नं प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

| क्र.स. | कर/करको विवरण | सङ्ख्या | दररेट | अनुमानितआय | जम्मा |
|---|---|---|---|---|---|
| १ | सम्पती कर | | | | |
| | एकिकृतसम्मति कर | 0 | 0 | 0 | ० |
| २ | भूमी कर/मालपोत | | | | १६५०००० |
| | तिरोमालपोतबाट प्राप्त हुने | | | | |
| | मालपोत कार्यालयबाट प्राप्त हुने | | | | |
| ३ | वहालकर | | | | १००००० |
| | घर बहाल कर | | | ९०००० | |
| | अन्य वहाल कर | | | १०००० | |
| ४ | व्यवासय कर | | | | २५५०५० |
| | चुरोट रक्सी समेतको खुद्रा पसलहरु | १ | १००० | १००० | |
| | चुरोट रक्सी समेतको थोक पसलहरु | १ | २५०० | २५०० | |
| | ज्वेलरी पसल | १ | १००० | १००० | |
| | निर्माण सामाग्री विक्रेता | | ५००० | ० | |
| | कम्प्युटर विद्युत सामानक्यामेरा टेलिभिजन मर्मत कार्पेट पसल | १ | २००० | २००० | |
| | मोबाईल रेडियो मर्मत | १ | १००० | १००० | |
| | मोबाईल रेडियो मर्मत तथा बिक्री | १ | २००० | २००० | |
| | पेट्रोल पम्प | १ | १०००० | १०००० | |
| | कपडा तथा रेडिमेड समेत (खुद्रातथा थोक दुवै) | | | ० | |
| | साना | १ | १००० | १००० | |
| | मझौला | १ | १५०० | १५०० | |
| | ठुलो | १ | २००० | २००० | |
| | किराना रकपडा | १ | ३००० | ३००० | |
| | निर्माण व्यवसाय (गा. पा.क्षेत्रभित्र ठेगाना भएका) | | | ० | |
| | क वर्ग | | २५००० | ० | |
| | ख वर्ग | | २०००० | ० | |
| | ग वर्ग | | १५००० | ० | |
| | घ वर्ग | २ | १०००० | २०००० | |
| | निर्माण व्यवसाय ( गा. पा.क्षेत्र बाहिर ठेगाना भएका ) | | | ० | |
| | क वर्ग | १ | ३५००० | ३५००० | |
| | ख वर्ग | १ | ३०००० | ३०००० | |
| | ग वर्ग | १ | २५००० | २५००० | |
| | घ वर्ग | १ | २०००० | २०००० | |
| | अन्तराष्ट्रिय | | ५०००० | ० | |
| | उर्जामुलक उद्योग | १ | | ० | |
| | कूखूरापालन | २ | १००० | २००० | |
| | फर्निचर उद्योग बिक्री पसल | २ | २००० | ४००० | |
| | कुटानी पिसानी र पेलानी मिल | २ | १५०० | ३००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पशुपालन | २ | १५०० | ३००० | |
| | बंगुर पालन | २ | १५०० | ३००० | |
| | भैसि पालन | | १५०० | ० | |
| | टेलिफोन फ्याक्स ईमेल ईन्टरनेटफोटोकपि | १ | २००० | २००० | |
| | वित्तिय सेवा | | | ० | |
| | नेपाल सरकारको पुर्ण स्वामित्वमारहेको बाहेकका आर्थिक कारोबार गर्ने वाणिज्य बैंक | | | ० | |
| | वर्ग क | १ | १५००० | १५००० | |
| | आर्थिक कारोबार गर्ने वित्तियकम्पनिको मूख्य कार्यालय | १ | ५००० | ५००० | |
| | वित्तिय कम्पनीको शाखा कार्यालय | १ | ५००० | ५००० | |
| | बिमा कम्पनी | १ | ५००० | ५००० | |
| | सहकारी बैंक | १ | १००० | १००० | |
| | रेमिट्यान्स शाखा | १ | ८००० | ८००० | |
| | बहुउद्देशिय सहकारी संस्था बचततथा ऋण सहकारी संस्था | १ | २००० | २००० | |
| | होटल व्यवसाय | १ | | ० | |
| | लज सहितको होटल | ३ | २००० | ६००० | |
| | मझौला होटल | ३ | १५०० | ४५०० | |
| | साना चियानास्ता हल्का पेयपदार्थ | ५ | १००० | ५००० | |
| | साना चिया चमेना घुम्ति | १ | ५०० | ५०० | |
| | शिक्षा सेवा | १ | | ० | |
| | स्कुल | ३ | २५०० | ७५०० | |
| | मर्मत संभार सेवा | १ | | ० | |
| | मोटरसाईकल साईकल टेम्पो मर्मतकेन्द्र | १ | १५०० | १५०० | |
| | ब्युटिपार्लर केश श्रृंगारड्राईक्लिनर्स बुटिक | १ | १५०० | १५०० | |
| | भाँडाकुँडा विक्रेता | १ | १५०० | १५०० | |
| | भेटनेरी पसल | १ | २००० | २००० | |
| | कृषि मल बिउ बिजन पसल किटनाशकऔषधि समेत | २ | २००० | ४००० | |
| | खेलौना गिफ्ट सप | १ | ५०० | ५०० | |
| | अस्थायी हाटबजार घुम्ती पसल | १ | | ० | |
| | घूम्ती कपडा पसल खाधान्न सागसब्जि फलफूल अन्य | १ | ५० | ५० | |
| | औषधि पसल क्लिनिक | १ | २५०० | २५०० | |
| | मोवाइल टावर/नेटवर्कीङ ब्यवसाय | १ | ३००० | ३००० | |
| ५ | जडिवुटि जिवजन्तु तथा कवाडी कर | | | | १०००० |
| | जडिबुटी, कवाडी र जीवजन्तु कर | | | १०००० | |
| ६ | विज्ञापनकर | | | | २५००० |
| | विज्ञापनकर | | | २५००० | |
| ७ | मनोरन्जनकर | | | ० | ० |
| ८ | वहालविटौरी कर | | | ० | ० |
| ९ | पार्किङशुल्क | | | ० | ० |
| १० | ट्रेकिङशुल्क | | | १०००० | १०००० |
| ११ | सार्वजनिकसेवा शुल्क | | | | १९१२५५५ |
| | विदेशजानको लागी कागजी प्रमाणिकरण दस्तुर | १५ | ५०० | ७५०० | |
| | अन्य सिफारिस | ३० | ५०० | १५००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | गै स स दर्ता सिफारिस | 5 | १००० | ५००० | |
| | संघसंस्था, उपभोक्ता समितिकोखाता बन्द सिफारिस दस्तुर | ४९ | ५०० | २४५०० | |
| | गैसस नविकरण दस्तुर | | | ० | |
| | आर्थिक वर्षको आश्विन मसान्त सम्मको लागी | ५ | ५०० | २५०० | |
| | कार्तिक महिनादेखि सोहि आ. व कोअन्त्य सम्मको शुल्क | ३ | ३०० | ९०० | |
| | आर्थिक वर्ष समाप्त भएपछिप्रत्येक आ. व. को थप शुल्क | ४ | ५०० | २००० | |
| | संस्था दर्ता | ७ | २००० | १४००० | |
| | सस्था नविकरण | २५ | १००० | २५००० | |
| | संस्थाको विधान संशोधन सिफारिस शुल्क | २ | १००० | २००० | |
| | परिक्षा दस्तुर | | | ० | |
| | क) रा. प.अंकित पदको लागि | ३० | १००० | ३०००० | |
| | ख) रा. प.अनंकित प्रथम | ३० | ५०० | १५००० | |
| | ग) रा. प.अनंकित द्वितिय | ३० | ४०० | १२००० | |
| | घ) श्रेणिविहिन | ३० | ३०० | ९००० | |
| | ईजाजतपत्र दर्ता तथा नविकरण शुल्क | | | ० | |
| | क) "घ" वर्ग दर्ताको ईजाजत पत्र दस्तुर | ३ | ५०० | १५०० | |
| | ख) "घ" वर्ग नयाँदर्ताको ईजाजत पत्र स्थानिय विकास दस्तुर | ५ | २५०० | १२५०० | |
| | ग) "घ" वर्ग ईजाजत पत्रको प्रमाणित प्रतिलिपिदस्तुर | ५ | | ० | |
| | घ) ईजाजतपत्रको चालु आ.व . कोआश्विन मसान्त सम्मको नविकरण बापत | २ | १००० | २००० | |
| | ङ) ईजाजतपत्रको कार्तिकमहिनादेखि चैत्र महिना सम्मको लागि नविकरण बापत थप दस्तुर | २ | १५०० | ३००० | |
| | च) नामसारी | १ | ३००० | ३००० | |
| | छ) नाम परिवर्तन बापत | ० | १५०० | ० | |
| | ज) ठाउँसारी बापत | 0 | २००० | ० | |
| | गाउँपालिकाको दररेट प्रतिलिपि उतार दस्तुर | ० | ५०० | ० | |
| | गाउँपालिका पार्श्वचित्र प्रति पुस्तक थान | ५ | ३०० | १५०० | |
| | दर्ता र नविकरण दस्तुर | | | ० | |
| | क) व्यक्तिगत घटना दर्ता (अभिलेख व्यवस्थापन सहित) | | | ० | |
| | ख) प्रमाणपत्र दस्तुर (३६ दिन देखि १ वर्ष सम्म) | १५० | १०० | १५००० | |
| | १ वर्ष नाघेमा जरिवाना | ३५ | १०० | ३५०० | |
| | प्रमाणपत्रको प्रतिलिपि | | १०० | ० | |
| | सिफारिस दस्तुर | | | ० | |
| | १) नागरिकता सिफारिस (प्रतिलिपि सहित) | २३५ | १५० | ३५२५० | |
| | २) नाता प्रमाणित | २३५ | ५०० | ११७५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३) नाता प्रमाणित अंग्रेजीमा | २३५ | १००० | २३५००० | |
| | ४) नाम, थर संशोधन, नाबालक सिफारिस | २३५ | ३०० | ७०५०० | |
| | ५) घरजग्गा नामसारी सिफारिस | २३५ | १००० | २३५००० | |
| | ६) घर सारा सिफारिस | २३५ | १००० | २३५००० | |
| | ७) जग्गा रजिष्ट्रेसन,घरबाटो प्रमाणित | २३५ | १००० | २३५००० | |
| | ८) पान दर्ता सिफारिस | २३५ | १००० | २३५००० | |
| | ९) जन्ममिति प्रमाणित | | | ० | |
| | क) २०४७ साल अगाडीको | १५ | ५०० | ७५०० | |
| | १०) विवाह दर्ता प्रमाणित | १५ | | ० | |
| | क) २०४७ साल अगाडीको | १५ | ५०० | ७५०० | |
| | ११) मृत्युदर्ता प्रमाणित | १५ | २०० | ३००० | |
| | १२) चारित्रिक प्रमाणपत्रको सिफारिस | १५ | ५०० | ७५०० | |
| | १३) सम्बन्ध विच्छेद सिफारिस | १५ | ५०० | ७५०० | |
| | क) कालो पत्रे सडकले छूने | १५ | १५०० | २२५०० | |
| | ख) कच्ची सडकले छोएको | १५ | १०० | १५०० | |
| | ग) कुनै पनि सडकले नछोएको | १५ | ५०० | ७५०० | |
| | १५) परिवार कायम सिफारिस | १५ | ५०० | ७५०० | |
| | १६) संस्थादर्ता सिफारिस | १५ | १००० | १५००० | |
| | १७) उधम व्यवसाय सन्चालन दर्ता | १५ | १००० | १५००० | |
| | क) घर/व्यक्तिगत प्रयोजन | १५ | २०० | ३००० | |
| | ख) संघसंस्था, व्यवसायिक प्रयोजन | १५ | ५०० | ७५०० | |
| | १९) अपुताली सिफारिस | २ | ३००० | ६००० | |
| | २०) स्वदेशी पेन्सन पट्टाको सिफारिस | २ | १००० | २००० | |
| | २१) विदेशी पेन्सन पट्टाको सिफारिस | २ | २५०० | ५००० | |
| | २२) मोहि लगत कट्टा सिफारिस | २ | १००० | २००० | |
| | २३) अंग्रेजीमा सिफारिस | २ | १००० | २००० | |
| | २४) विविध सिफारिस | २ | | ० | |
| | २५) सर्वेयर/अमिन सेवा शुल्क | २ | | ० | |
| | क) घरनक्सा निर्माण स्विकृति प्रयोजनको लागी | २ | ७०० | १४०० | |
| | ख) अन्य प्रयोजन | २ | १००० | २००० | |
| | २६) घर कायम सिफारिस बैंकिङ प्रयोजन | १२ | ५००० | ६०००० | |
| | २७) आम्दानी प्रमाणित | ० | | ० | |
| | निवेदन दर्ता | ७ | १० | ७० | |
| | अंशियार प्रमाणित सिफारिस | ७ | ५०० | ३५०० | |
| | धनिपुर्जामा घरकायम सिफारिस | ७ | | ० | |
| | क) ५ लाखसम्म | ७ | ३०० | २१०० | |
| | ख) १० लाखसम्म | ० | ४०० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग) ५० लाखसम्म | ० | १००० | ० | |
| | घ) १ करोडसम्म | ० | २००० | ० | |
| | रुख काट्ने सिफारिस दस्तुर | ७ | ५० | ३५० | |
| | बसाईसराई जाँदा सामान लैजाने सिफारिस | १० | ५००० | ५०००० | |
| | व्यवसाय बन्दको सिफरिस | ७ | ५०० | ३५०० | |
| | क) लोडर, डोजर, रोलर लगायतका ठुला उपकरण | ५ | १०००० | ५०००० | |
| | ख) ट्रयाक्टर, पिकअप, ट्याक्सी | १ | ५००० | ५००० | |
| | बाँस कटान सिफारिस | १ | २०० | २०० | |
| | दलित, आदिवासी जनजाति सिफारिस | १ | १०० | १०० | |
| | अपाङ्ग, विद्यार्थी सिफारीस | १ | | ० | |
| | खानेपानी मुहान दर्ता सिफारिस | १ | १००० | १००० | |
| | जलस्रोत उपभोक्ता समिति | १ | १००० | १००० | |
| १२ | अन्यक्षेत्रको आय | | | १५००००० | १५००००० |
| | दहत्तरबहतर बाट प्राप्त हुने | | | १६५०००० | १६५०००० |
| | बेरुजु | | | ५००००० | ५००००० |
| जम्मा | | | | | ७६१२६०५ |

**निर्णय नं. ४**

गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन २०७५ को दफा ३३ बमोजिम हिलिहाङ गाउँपालिकाको नवौ गाउँसभामा आ. व. २०७८/०७९ को लागी उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेढाई ज्यू द्वारा प्रस्तुत देहायनुसारको **विनियोजन विधेयक २०७८** माथी छलफल भई निम्नानुसार हुनेगरी सर्वसम्मत ढङगले अनुमोदन गर्ने निर्णय गरियो।

**हिलिहाङ गाउँपालिकाको बिनियोजन विधेयक, २०७८**

हिलिहाङ गाउँपालिका, पाँचथरको आर्थिक वर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागी स्थानीय संचित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम हिलिहाङ गाउँपालिका, पाँचथरको नवौ गाउँसभामा यो विधेयक पेश गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**- (१) यस विधेयक प्रमाणिकरण भई ऐन बनेपछि को नाम "हिलिहाङ गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहनेछ।

(२) यो विधेयक प्रमाणीकरण भई ऐन बनेपछि तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक बर्ष २०७८/७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक बर्ष २०७८/७९ को निमित्त गाउँ कार्यपालिका, वडासमिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालू खर्च र बित्तिय ब्यवस्थाको रकम समेत गरी जम्मा रकम ४९,३१,९५,९३६ (अक्षरेपी रु उन्पचास करोड एकतिस लाख पन्चानब्बे हजार नौ सय छत्तिस मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

(२) संचितकोषमा जम्मा हुने रकमहरुको श्रोत र रकम अनुमान अनुसूची २ बमोजिम हुनेछ।

३. **विनियोजनः** (१) यस विधेयक द्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएकोमा रकम आर्थिक बर्ष २०७८/७९ को निमित्त हिलिहाङ गाउँपालिका, पाँचथरको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा खर्च जनाउन सकिनेछ। पुंजीगत खर्च र वित्तिय ब्यवस्था तर्फ विनियोजित रकम सांवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालुखर्च शिर्षकतर्फ सार्न र वित्तिय ब्यवस्था अन्तर्गत सांवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुंजीगत खर्च र वित्तिय ब्यवस्थाको खर्च ब्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

**(३)** उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्विकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनुपर्नेछ ।

**४. कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्ने** : (१) यस विधेयकको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा १ बमोजिमको कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

**५. आदेश जारी गर्न सक्ने** : (१) यस विधेयकको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा स्थानीय सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

अनुसूची -१
(दफा २ सँग सम्बन्धित)
नेपालको सविधानको धारा २२९ (२) बमोजिम
सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र स | अनुदान सङख्या | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका तर्फ | १०,४१,७०,२२२ | १२,५६,१५,७१४ | २२,९७,८५,९३६ |
| २ | | वडा कार्यालय तर्फ | ० | ० | ० |
| ३ | | बिषयगत शाखा तर्फ | ० | ० | ० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० |
| ५ | | शसर्त अनुदान नेपाल सरकार | २३,४६,००,००० | ० | २३,४६,००,००० |
| ६ | | शसर्त अनुदान प्रदेश सरकार | १६,१०,००० | ० | १६,१०,००० |
| ७ | | बिषेश अनुदान नेपाल सरकार | ० | ० | ० |
| ८ | | समपुरक अनुदान नेपाल सरकार | 0 | १,७२,००,००० | १,७२,००,००० |
| ९ | | समपुरक अनुदान प्रदेश सरकार | ० | १००००००० | १००००००० |
| १० | | लगानी शेयर/ऋण | ० | ० | ० |
| **जम्मा** | | | | | ४९,३१,९५,९३६ |

**अनुसूची २**
**(दफा २ को उपदफा २ सँग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९ (१) बमोजिम**
**संचितकोषमा जम्मा हुने आम्दानीको स्रोतहरु**

| क्र. स | आम्दानीको श्रोत | आयका शीर्षकहरु | रकम |
|---|---|---|---|
| १ | संघीय सरकार | वित्तियसमानीकरण अनुदान | १०,४४,००,००० |

| | | | |
|---|---|---|---|
| २ | | राजश्ववाँडफाँड बाट प्राप्त अनुदान | ७,२३,१२,००० |
| ३ | | सशर्तअनुदान | २३,४६,००,००० |
| ४ | | समपुरकअनुदान | १,७२,००,००० |
| ५ | | विशेषअनुदान | ० |
| | | जम्मा | ४२,८५,१२,००० |
| ६ | प्रदेश सरकार | वित्तियसमानीकरण अनुदान | ५,८,९५००० |
| ७ | | राजश्ववाँडफाँड बाट प्राप्त अनुदान | ३९,५८,००० |
| ८ | | सशर्तअनुदान | १६,१०,००० |
| ९ | | समपुरकअनुदान | १,००,००,००० |
| १० | | विशेषअनुदान | ० |
| | | जम्मा | २१,४६,३,००० |
| ११ | स्थानिय सरकार | आ.व.०७७/०७८ को नगद/अ ल्या | ३,५६,०८,३३१ |
| १२ | | भूमिकर/मालपोत | १६,५०,००० |
| १३ | | घरवहाल कर | १,००,००० |
| १४ | | विज्ञापनकर | २५,००० |
| १५ | | अन्य कर | २०,००० |
| १६ | | सिफारिसदस्तुर | १६,५०,००० |
| १७ | | प्रशासनिक सेवा शुल्क | १९,१२,५५५ |
| १८ | | व्यवसायरजिष्ट्रेशन दस्तुर | |
| १९ | | ब्यवसाय कर | २,५५,०५० |
| २० | | अन्यक्षेत्रको आय (विभिन्न संस्थाबाट आउने) | १५,००,००० |
| २१ | | बेरुजु | ५,००,००० |
| | | जम्मा | ४,३२,२०,९३६ |
| | | कुल जम्मा | ४९,३१,९५,९३६ |

**निर्णय नं. ५**

प्रस्तुत सम्बन्धमा यस गाउँपालिकाको वडा नं. ४ का निर्वाचित वडा अध्यक्ष तथा यसै गाउँपालिकाको सभा सदस्य, कुशल राजनैतिक व्यक्तित्व, सहयोगी एवम अति नै लोकप्रिय समाजसेवी श्री श्रीप्रसाद शिगुको यहि मिति २०७८ साल जेठ १३ गते विहान ८:३० बजे कोरोना महामारी संक्रमणका कारण भएको असामयिक निधन प्रति यो सम्मानित नवौ गाउँसभाबाट शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

**निर्णय नं ६**

महालेखापरीक्षकले यस कार्यालयको आ. व. २०७६/७७ को सम्पूर्ण आर्थिक कारोवारहरुको अन्तिम लेखापरीक्षण गरी मिति २०७७/१०/१५ गते पेश गरेको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा औल्याईएका बेरुजुहरुका सम्बन्धमा लेखापरीक्षण ऐन, २०७५ को

दफा २० को उपदफा ३ बमोजिम अर्थ तथा सार्वजनिक लेखा समितिका संयोजक तथा सभा सदस्य श्री नारायण कुमार खातीज्यूले छलफलका लागि सभामा पेश गर्नुभएको बेरुजुहरु उपर छलफल गरी देहायनुसारका बेरुजुहरुलाई यसै गाउँसभा मार्फत नियमित गर्न उपयुक्त राय, सुझाव तथा प्रतिक्रिया सहित महालेखा परीक्षकको कार्यालयबाट खटि आउनु भएका डोर समक्ष बेरुजु फरस्यौट तथा संपरीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो।

**(क) बेरुजुको दफा १९ को ब्यहोरा**

गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ दफा ३ को अनुसूचि १ अनुसार गाउँपालिकाका प्रमुख, उप प्रमुखलाई सवारी साधन उपलव्ध नभएमा क्रमश १००००।०० र १००००।०० नगद पाउने व्यवस्था छ। त्यसैगरी वडाध्यक्ष र कार्यपालिक सदस्यलाई समेत यातायात सुविधा क्रमश ४०००।र २५००। पाउने व्यवस्था छ। गाउँपालिकाले निम्नानुसारका वडाध्यक्षलाई कार्यालयवाट १,१ थान मोटर साईकल प्रयोग गरेको ईन्धनको विल तथा लगसिटवाट देखियो। कार्यालयको सवारी साधन प्रयोग गरेर पनि मासिक रु ४०००। यातायात खर्च वापत बुझि लिएको समेत देखियो। ऐनमा भएको व्यवस्था बमोजिम एउटा सुविधा मात्र लिनु पर्नेमा पदाधिकारीले दोहोरो सुविधा प्रयोग गरेकोले रु २६८००० असुल गर्नुपर्ने।

**<u>प्रतिकृया सहितको निर्णय</u> -** वडा कार्यालयमा वडा सचिव, पूर्वाधार तर्फका प्राविधिक, कृषि तथा पशुसेवाका प्राविधिक समेत कार्यारत रही कार्यालयबाट हस्तान्तरण भएको जम्मा १ थान मोटरसाइकल वडाध्यक्षले सामुहिक रुपमा प्रयोग हुँदै आएको हुँदा निज वडाध्यक्षहरुको यातायात सेवा सुविधा कटौती गर्दा ब्यवहारीक कठीनाइ आईपर्ने हुँदा उक्त बेरुजु सभाद्वारा नियमित गरी महालेखा परिक्षक कार्यालय समक्ष सम्परिक्षणको लागि अनुरोध गर्ने।

**(ख) बेरुजुको दफा ३० को ब्यहोरा**

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ७८१९७६०।०० तलब भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको।

**<u>प्रतिकृया सहितको निर्णय</u> -** गाउँपालिका भित्रका केही विध्यालयहरुमा विध्यार्थि सख्या तथा कक्षा सन्चालनको आधारमा स्थायी शिक्षक दर्बन्धी सख्या न्यून रहेको तथा माथिल्लो तहसमेत सञ्चालन भई दर्बन्दी प्राप्त नभएकोले स्थानीय अभिभावकबाट चन्दा उठाइ निजि स्रोतमा शिक्षक राखी पठन पाठन गराउँदै आएकोमा स्थानीय सरकारको गठन पश्चात अभिभावकबाट आएका गुनासा सम्बोधन गर्ने क्रममा निजि शिक्षकहरुलाई यथोचित पारिश्रमिक ब्यवस्था गरीएको हो। साथै बाल विकास स. का. र विधालय कर्मचारीहरुको तलव स्केल अत्यन्तै न्यून रही पालिकाले सभाद्वारा निर्णय गरी केही थप सुविधा उपलब्ध गराएकोमा अव उप्रान्त गाउँपालिकाबाट आन्तरीक श्रोत प्राप्तिको दायरा बढाइ प्राप्त राजश्व आम्दानी बाट तथा संघिय सशर्त अनुदानबाट मात्र तलव भत्ता निकासा दिने प्रतिवद्वता सहित उक्त बेरुजुलाई सभाद्वारा नियमित गर्ने र बेरुजु फस्यौट तथा संपरीक्षणका लागि डोर समक्ष अनुरोध गर्ने।

**(ग) बेरुजुको दफा ३१ को ब्यहोरा**

नाफामुलक संस्थालाई अनुदान :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। तर पालिकाले नाफामूलक संस्थाहरुलाई अनुदान उपलब्ध गराएको रकम रु **१६८२१८७** अनियमित देखिएको।

**<u>प्रतिकृया सहितको निर्णय</u> -** नेपालको तीन खम्बे अर्थनीति अनुरुप सहकारी क्षेत्रलाई पनि विकासको साझेदारको रुपमा परिभाषित गरीएको सन्दर्भमा गाउँपालिकाले विभिन्न सहकारी संस्था तथा कृषक समूहहरुलाई अनुदान वितरण गरेको जस्तो देखिएता पनि गाउँपालिकाको उत्पादन र रोजगारी सृजनालाई जोड दिने नीति अनुरुप यस्ता प्रकृतिका कृषिजन्य तथा उत्पादनमुखी कार्यक्रमहरुले अन्तत्वगोत्वा सिङगो गाउँपालिकाको कुल ग्राहस्थ उत्पादनमा प्रत्यक्ष योगदान दिई रोजगारी सृजनामा टेवा पुग्ने साथै जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने हेतुले सञ्चालन गरिएका यस प्रकृतिका कार्यक्रमहरुलाई अनियमित बेरुजुको रुपमा औल्याइएको सन्दर्भमा यस्ता प्रकृतिका बेरुजहरुमा सरकारी कोषको मस्यौट तथा हिनामिना नभएकाले फस्यौट गरिदिन मनासिव देखिएकोले संपरिक्षणका लागि अनुरोध गर्ने।

**(घ) बेरुजुको दफा ३२ को ब्यहोरा**

कुनै पनि ऐनद्वारा गठीत समितिले नियमित रुपमा कार्य गर्दा वैठक वस्नु परेमा तोकिएको दरमा वैठक भत्ता भुक्तानी गर्ने व्यवस्था रहेको छ। कार्यालयले कार्यालयको नियमित रुपमा कार्यालय समयमा वसेको कर्मचारी वैठकको वैठक भत्ता भुक्तानी गरेको रु **९६९००** अनियमित देखिएको।

**<u>प्रतिकृया सहितको निर्णय</u> -** सबै वडा कार्यालयहरु तथा शाखाहरुको कर्मचारीहरुवीच मासिक रुपमा गाउँकार्यपालिकाको कार्यालयमा अध्यक्षज्यू समेतको उपस्थितिमा कर्मचारीहरुको बैठक बस्ने र कार्यालयको काम कारवाहीको सम्बन्धमा प्रगति प्रतिवेदन एवम् समिक्षा गर्ने गरेको। गाउँपालिका

क्षेत्रभित्र पदाधिकारी तथा कर्मचारीहरुलाई दैनिक भ्रमण खर्च उपलब्ध नगराउने गरीएको हुँदा आते जाते बापत गाउँसभाबाट कर्मचारी बैठक भत्तामा बजेट विनियोजन गरीएकोमा आ.ब.को प्रथम चौमासिक मात्र बैठक बसि भत्ता बुझेको पाइएकोले उल्लेखित अनियमित बेरुजु सभाद्वारा नियमित गरी सम्परिक्षणको लागि महालेखा परिक्षकको कार्यालय समक्ष पेश गर्ने।

**(ङ) बेरुजुको दफा ३६ को व्यहोरा**

छुट प्राप्त नगरेको - सार्वजनिक निकायले कार्यालय प्रयोजनको लागि विज्ञापन गर्दा लाग्ने विज्ञापन शुल्कमा राष्ट्रिय दैनिक पत्रिकामा भए २५ प्रतिशत र अन्यमा १५ प्रतिशतका दरले छुट प्राप्त गर्नुपर्नेमा पालिकाले देहायको विज्ञापनको भुक्तानीमा नियमानुसार छुट प्राप्त नगरी पुरा भुक्तानी गरेको।

**प्रतिकृया सहितको निर्णय -** अव उप्रान्त विज्ञापन शुल्कको भुक्तानी दिदा माथी उल्लेखित प्रावधान अनुरुप निकासा दिने कार्यमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार बनाईने भएकाले यस बेरुजुलाई नियमित गरी बेरुजु फस्यौट तथा संपरीक्षणका लागि डोर समक्ष अनुरोध गर्ने।

**(च) बेरुजुको दफा ४१ को ब्यहोरा**

पालिकाले संघीय सरकारबाट हस्तान्तरित शिक्षा तर्फको बजेट खर्च गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।०७७ अनुसार गर्नुपर्दछ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।०७७ को आर्थिक अनुशासन तथा वित्तीय प्रतिवेदन खण्डको बुदाँ नं. (क) मा उल्लेख भए अनुसार एउटा बजेट उपशीर्षकमा विनियोजित रकम अर्को बजेट उपशीर्षकमा खर्च गर्न नपाईने प्रावधान रहेको छ। त्यस्तै गरी विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ को निर्देशन ७.६ अनुसार विद्यालयलाई प्राप्त कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकबाट भौतिक पूर्वाधार निर्माणको कार्य गर्न नपाईने व्यवस्था उल्लेख छ। तर उक्त मापदण्ड विपरीत पालिकाले देहाय अनुसार खर्च लेखेको रु ७५००००।० अनियमित देखिएको।

**प्रतिकृया सहितको निर्णय -** पुस्तकालयमा आधारित पाठयपुस्तक अनुदान शीर्षकमा प्राप्त सशर्त अनुदानले बिधार्थी संख्या र पाठ्यपुस्तकको बजार मुल्य बृद्धिका कारण बजेट अपर्याप्त भई तलब भत्ता शीर्षकमा मौज्दात रहेको बजेटबाट निकाशा गरि भुक्तानी गरेको देखियो । साथै विधालय भौतिक पूर्वाधार निर्माण शीर्षकबाट खर्च लेख्नु पर्नेमा भूलवश कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट खर्च लेखिएको पाइयो । मापदण्ड विपरित खर्च लेखिएको देखिएतापनि सरकारी कोषको हिनामिना तथा मस्यौट नभएको तथा अब उप्रान्त कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिमको भुक्तानीमा जोड दिने प्रतिवद्धता सहित बेरुजु फस्यौट गरिदिन मनासिव देखिएकाले संपरिक्षणका लागि अनुरोध गर्ने।

**(छ) बेरुजुको दफा ४६ को ब्यहोरा**

- कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ अनुसार कन्टेन्जेन्सी कट्टा नगरी विद्यालयको खातामा निकासा गर्नु पर्नेमा पालिकाले रु १२६००००० को ४ प्रतिशतले कन्टेन्जेन्सी कट्टा गरेकोले कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना भएको नपाइएकोले रु.५०४००० अनियमित देखिएको।

**प्रतिकृया सहितको निर्णय -** अव उप्रान्त कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था अनुरुप कन्टेन्जेन्सी कट्टा नगरी सम्बन्धित विधालयहरुको खातामा निकासा दिने व्यवस्थामा जोड दिने। साथै उक्त कट्टा गरिएको रकमको हिनामिना तथा मस्यौट भएको नदेखिएकाले उक्त अनियमित बेरुजु रकमलाई नियमित गर्न मनासिव देखि बेरुजु फस्यौट तथा संपरिक्षणका लागि अनुरोध गर्ने।

**(ज) बेरुजुको दफा ४७ को ब्यहोरा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ अनुसार शसर्त अनुदान रकम विदालयको खातमा निकासा गर्नु पर्नेमा पालिकाले रु १९४६३१२ को विद्यालय समान आफैले खरीद गरेकोले कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना भएको नपाइएकोले अनियमित देखिएको।

**प्रतिकृया सहितको निर्णय -** विध्यालयहरुले प्राप्त गर्ने सशर्त अनुदानबाट खरिद गर्दा विधालय खरिद दिग्दर्शन अवलम्बन गरी खरिद गर्नुपर्ने व्यवस्था कार्याक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख छ। तर सम्बन्धित विध्यालयहरुले नै गाउँकार्यपालिकाको कार्यालयलाई चिठी लेखि नियमानुसार खरिद प्रकृया अघि बढाई आवश्यक सामाग्री हस्तान्तरण गरिदिनु भनि विधालय व्यवस्थापन समितिको निर्णय सहितको पत्र पठाएको पाइयो। सोही बमोजिम कार्यालयले सम्बन्धित विधालयलाई खरिद कार्य सम्पन्न गरी हस्तान्तरण गरेको देखियो । उक्त रकम कार्यान्वयन पुस्तिका बमोजिम खर्च नभएतापनि हिनामिना तथा मस्यौट नभएको पुष्टी भएकाले नियमित गर्न मनासिव देखि बेरुजु फस्यौट तथा संपरिक्षणका लागि अनुरोध गर्ने।

**(झ) बेरुजुको दफा ५२ को ब्यहोरा**

- पुँजीगत समानीकरण, सार्वजनिक खरिद ऐन २०६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत, सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य अमानतवाट गराउन सक्ने व्यवस्था रहेको छ। साथै सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९८ मा सार्वजनिक निकायले रु १०००००।०० सम्मको निर्माण सम्बन्धी कार्य एक तह माथिको स्विकृती लिई गर्न सक्ने व्यवस्था रहेको। तर पालिकाले गाउँपालिकाको भवन परिसर मर्मत कार्य भनी रु १४५००० भुक्तानी दिएको।

**प्रतिकृया सहितको निर्णय -** पालिकाले गाउँपालिकाको भवन परिसर मर्मत संभार गर्न आवश्यक कामदारहरुलाई स्विकृत दररेट बमोजिमको ज्याला भुक्तानी गर्न र कार्यालयको पुराना श्रेस्ता अभिलेखहरुलाई व्यवस्थित गर्न स्थानिय दक्ष सिकर्मीहरु र स्थानीय काठ को प्रयोग गरी डोर हाजिरिमा रियाक

बनाई ज्याला भुक्तानी गर्न कार्यालय सहयोगी बजेन्द्र कुमार पुरीलाई एकमुष्ट भुक्तानी गरेको देखियो । अब उप्रान्त सामान्य प्रकृतिको मर्मत, नियमित सरसफाई जस्ता कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम अमानत विधिबाटै सम्पादन गर्न/गराउन लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार बनाइनेछ । साथै निजलाई भुक्तानी दिईएको रु १४५००० रकम बराबरको विधि प्रकृया नमिलेतापनि खर्चको उधेश्य अनुसारको काम भएको पाइएकोले सो रकमलाई नियमित गर्न मनासिव देखि बेरुजु फस्यौट तथा संपरिक्षणका लागि अनुरोध गर्ने ।

**(ञ) बेरुजुको दफा ५६ को ब्यहोरा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.१३ (क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीबाट गराएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समितिसँगको सम्झौता रद्द गरी त्यस्तो समितिलाई भविष्यमा कुनै किसिमको काम गर्न नदिने अभिलेख राखी निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरीद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । ग्रामिण सडक निर्माण गर्न सम्झौता गरेका उपभोक्ता समितिहरुले सडक निर्माणको काम निर्माण व्यवसायीलाई दिई निर्माण व्यवसायीले सडक निर्माण गरेको उल्लेख गरी जारी गरेको विजक कार्यालयमा पेश गरेको आधारमा उपभोक्ता समितिलाई भुक्तानी हुने गरेको देखिएको छ । यसरी नियमको पालना नगरी प्रतिस्पर्धाबाट प्राप्त हुन सक्ने लाभलाई सिमित पार्ने र स्थानीय स्वामित्व ग्रहण गर्ने गरी आफै उपभोक्ता समितिवाट हुनु पर्ने कामलाई देहायका  निर्माण व्यवसायीलाई दिने उपभोक्ता समितिलाई कारबाही गरी सडक निर्माणको काम प्रतिस्पर्धा गराइ सञ्चालन गरीनुपर्ने रु. ९६६८६३६ ।

**<u>प्रतिकृया सहितको निर्णय</u> -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम ९ बमोजिम सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायको सहमतिमा उपभोक्ता समितिहरुले गाउँपालिकाद्वारा स्विकृत दररेट अनुसारनै हेभि मेशिन प्रयोग गरे वापत सम्बन्धित निर्माण व्यवसायीको बिल विजक पेश गरि भुक्तानी लिएको देखिएको र विनियोजित बजेटको उधेश्य अनुरुप नै उपभोक्ता समितिहरुले पनि कार्य सम्पन्न गरेको देखिन्छ । तथापि आगामी आ व २०७८/७९ मा भने महालेखापरिक्षकको कार्यालयले प्रदान गरेको सुझाव अनुरुप हेभि ईक्विपमेण्ट प्रयोग गरी सञ्चालन गर्नुपर्ने प्रकृतिका सबै आयोजनाहरुलाई प्रतिष्पर्धात्मक तवरले ठेक्का प्रकृया अवलम्बन गरी सञ्चालन गर्दै लैजाने प्रतिवद्वता सहित माथी उल्लेखित बेरुजुलाई अन्तिम पटकका लागि नियमित गरि बेरुजु फस्यौट तथा संपरिक्षणका लागि डोर समक्ष अनुरोध गर्ने ।

**(ट) बेरुजुको दफा ६० को ब्यहोरा**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० मा पालिकाले स्थानीय कानूनबमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ । तर त्यस्तो कोष सञ्चालन गर्दा  कार्यविधि बनाई खर्च गर्नुपर्ने हुन्छ । तर पालिकाले आकस्मिक कोषवाट कार्यविधि नै नबनाई चालु प्रकृतिको खर्च गरी भुक्तानी दिएको रु. ५५०००० अनियमित देखिएको ।

**<u>प्रतिकृया सहितको निर्णय</u> -** बजेट अधिवेशन गाउँसभामा विनियोजन गर्न छूटेका यस्ता प्रकृतिका कार्यक्रमहरुमा पछि गाउँ कार्यपालिकाको बैठक बसि आकष्मिक कोषबाट बजेट सुनिश्चित गरी पछिल्लो गाउँसभामा अनुमोदन गरिएको व्यहोरा जानकारी गराउँदै अव उप्रान्त यस्ता चालु प्रकृतिका कार्यक्रमहरुका लागि बजेट अधिवेशन गाउँसभामै विनियोजन ऐन मार्फत बजेट सुनिश्चित गरी खर्च गरिने प्रतिवद्वता सहित अन्तिम पटकका लागि बेरुजु नियमित गरी फस्यौट तथा संपरिक्षणका लागि अनुरोध गर्ने ।

**(ठ) बेरुजुको दफा ६२ को ब्यहोरा**

स्थानीय तह सञ्चालन ऐन २०७३ मा स्थानीय तहले आकस्मिक कोषको स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ । साथै उक्त कोषवाट भैपरी आउने र नगरी नहुने प्रकृतिको खर्चको कार्यविधि बनाएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायको चालु प्रकृतिको कार्य बाटो सरसफाई भन्दै भुक्तानी दिएको देखिन्छ । साथै पालिकाले कहा के कती प्रयोजनको लागी बाटो सफा गरेको र बाटो सफा गर्नुपर्ने आकस्मिक कारण स्पष्ट गरेको समेत नदेखिएको र सो कार्यको एउटै मितिमा भुक्तानी भएको समेत देखिन्छ । जस्ले सो कार्य आकस्मिक रुपमा गर्न परेको जस्तो देखिदैन । पालिका भित्र बाटो सरसफाई गर्नुपर्ने प्रकृतिको बाटो समेत नदेखिएको हुदा के कारणले आकस्मिक कोषवाट सो रकम भुक्तानी गरिएको हो सो स्पष्ट हुने गरी प्रमाण पेश हुनुपर्ने रु ६६०९०० ।

**<u>प्रतिकृया सहितको निर्णय</u> -** उल्लेखित मोटरबाटोहरु बर्षातको समयमा अविरल परेको झरीका कारण वडा कार्यालय जाने ग्रामिण कृषि सडक तथा अन्य सहायक मार्गहरुमा आवागमन अवरुद्ध भएको तथा कृषिजन्य उत्पादन निकासी गर्न कठीनाई भई गाउँ कार्यपालिकाको मिति २०७६।०५।०८ गतेको निर्णयबाट क्षति भएको आधारमा उपभोक्ता समितिहरु मार्फत मर्मत संभार तथा सरसफाई गर्ने निर्णय बमोजिम खर्च भुक्तानी गरेको पाइयो । चालु आ व २०७७/७८ मा गाउँपालिकाले व्याक हो लोडर समेत खरिद गरेकोले अव आइन्दा यस्ता प्रकृतिका सफाई कार्य कार्यालयको जेसीभि प्रयोग गरी गर्ने प्रतिवद्वता सहित माथी उल्लेखित बेरूजुलाई यसै गाउँसभाद्वारा नियमित गर्ने र फस्यौट तथा सम्परिक्षणको लागि महालेखा परिक्षकको कार्यालय समक्ष पेश गर्ने ।

**(ड) बेरुजुको दफा ७५ को ब्यहोरा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.१३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीबाट गराएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समितिसँगको सम्झौता रद्द गरी त्यस्तो समितिलाई भविष्यमा कुनै किसिमको काम गर्न नदिने अभिलेख राखी निर्माण

व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरीद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । ग्रामिण सडक निर्माण गर्न सम्झौता गरेका उपभोक्ता समितिहरुले सडक निर्माणको काम निर्माण व्यवसायीलाई दिई निर्माण व्यवसायीले सडक निर्माण गरेको उल्लेख गरी जारी गरेको विजक कार्यालयमा पेश गरेको आधारमा उपभोक्ता समितिलाई भुक्तानी हुने गरेको देखिएको छ ।यसरी नियमको पालना नगरी प्रतिस्पर्धाबाट प्राप्त हुन सक्ने लाभलाई सिमित पार्ने र स्थानीय स्वामित्व ग्रहण गर्ने गरी आफै उपभोक्ता समितिवाट हुनु पर्ने कामलाई देहायका निर्माण व्यवसायीलाई दिने उपभोक्ता समितिलाई कारबाही गरी सडक निर्माणको काम प्रतिस्पर्धा गराइ सञ्चालन गरीनुपर्ने रु. ३२१८६१० अनियमित रहेको ।

**प्रतिकृया सहितको निर्णय -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम ९ बमोजिम सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायको सहमतिमा उपभोक्ता समितिहरुले गाउँपालिकाद्वारा स्विकृत दररेट अनुसारनै हेभि मेशिन प्रयोग गरे वापत सम्बन्धित निर्माण व्यवसायीको बिल विजक पेश गरि भुक्तानी लिएको देखिएको र विनियोजित बजेटको उधेश्य अनुरुप नै उपभोक्ता समितिहरुले पनि कार्य सम्पन्न गरेको देखिन्छ । तथापि आगामी आ व २०७८/७९ मा भने महालेखापरिक्षकको कार्यालयले प्रदान गरेको सुझाव अनुरुप हेभि ईक्विपमेण्ट प्रयोग गरी सञ्चालन गर्नुपर्ने प्रकृतिका सबै आयोजनाहरुलाई प्रतिष्पर्धात्मक तवरले ठेक्का प्रकृया अवलम्बन गरी सञ्चालन गर्दै लैजाने प्रतिवद्वता सहित माथी उल्लेखित बेरुजुलाई अन्तिम पटकका लागि नियमित गरि बेरुजु फस्यौट तथा संपरिक्षणका लागि डोर समक्ष अनुरोध गर्ने ।

## निर्णय नं. ७

हिलिहाङ गाउँपालिकाको नवौ गाउँसभाका सभाध्यक्ष तथा गाउँपालिका अध्यक्ष श्री भूवानी प्रसाद लिङदेन ज्यू द्वारा नवौ गाउँसभामा अनुपस्थित सभा सदस्यहरुको बारेमा जानकारी गराई सभाको प्रारम्भ देखी अन्त्यसम्म भएका काम कारवाहीहरुको संक्षिप्त विवरण वाचन गरी नवौ गाउँसभाको तयारीमा जुट्नु हुने सम्पूर्ण जनप्रतिनिधिहरु तथा राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै सभाको औपचारीक रुपमा समापन गर्ने निर्णय गरियो ।